‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १९७ ★ ने. सं. ११४६ दिला गा, दशमी ★ शनिबार ★ २३ साउन, २०८३ ★ August 8, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## इमानदारिता, नि:स्वार्थ भावना र सत्यको पक्षमा उभिनु नै नेमकिपा कार्यकर्ताको मुख्य पुँजी




भक्तपुर, २२ साउन । नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर वडा नं. ७ स्थित इनाचो-चोर्चा समितिको आयोजनामा बिहीबार प्रशिक्षण कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले पार्टी सेल सङ्गठनको मुख्य आधार र जग भएको बताउनुभयो । तल्लो तहका सेलहरू सक्रिय भएमा मात्रै सिङ्गो सङ्गठन सुदृढ हुने उहाँले स्पष्ट पार्नुभयो ।

अध्यक्ष बिजुक्छेँले इमानदारिता, नि:स्वार्थ भावना र सत्यको पक्षमा उभिनु नै नेमकिपा कार्यकर्ताको मुख्य पुँजी भएको उल्लेख गर्दै भन्नुभयो, “नेमकिपाका कार्यकर्ता नि:स्वार्थ रूपमा जनताको सेवामा खट्ने भएकाले विरोधीहरू सधैँ सशङ्कित हुने गर्छन् । स्वर्ग वा नर्क जहाँ गए पनि जनताको सेवा गर्नु नै पार्टीको मुख्य लक्ष्य हो ।”

उहाँले ज्येष्ठ नागरिक तथा बालबालिकाका लागि पैदल मार्गको व्यवस्थापनजस्ता विषयमा सेल बैठकहरूमा छलफल हुनुपर्ने उल्लेख गर्दै नयाँ पुस्तामा आत्मविश्वास बढाउन अङ्ग्रेजी भाषाको विकास र विस्तार आवश्यक रहेको धारणा पनि राख्नुभयो ।

राज्यले बहुमत जनतालाई राहत दिनुपर्नेमा जोड दिँदै अध्यक्ष बिजुक्छेँले कार्यकर्ताहरूमा अर्थशास्त्रको ज्ञान हुनु आवश्यक छ भन्नुभयो । पार्टीले लेबी नियमित उठाउनु भनेको कार्यकर्ताबिचको सम्पर्कलाई जीवन्त र सक्रिय राख्नु भएको उहाँको भनाइ थियो ।

जनताको विश्वास जित्नु नै कार्यकर्ताको मुख्य दायित्व रहेको उल्लेख गर्दै नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले पार्टी कार्यकर्तामा नम्रता, राम्रो संस्कार र असल व्यवहार हुनुपर्नेमा जोड दिनुभयो । सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले भन्नुभयो, “कुनै पनि मानिस पूर्ण हुँदैन तर आफूले जानेको कुरालाई व्यवहारमा पूर्णता दिने प्रयास गर्नुपर्छ । अरू सर्वसाधारणको मन र विश्वास जित्नु नै हाम्रो मुख्य दायित्व हो ।”

***बाँकी पृष्ठ २ मा***

## राष्ट्रिय र अन्तर्राष्ट्रिय ज्ञान हासिल गर्न अन्तरक्रिया आवश्यक




भक्तपुर, २२ साउन । नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा ‘मजदुर’ दैनिक र ‘श्रमिक’ साप्ताहिकबारे मङ्गलबार अन्तरक्रिया कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले राष्ट्रिय र अन्तर्राष्ट्रिय ज्ञान हासिल गर्न अन्तरक्रिया गरिरहनुपर्ने आवश्यकता औँल्याउँदै विश्वमा शोषकवर्ग र शोषितवर्गबिच द्वन्द्व भइरहेको हुन्छ भन्नुभयो । हामीले शोषितवर्गको हक अधिकारको पक्षमा काम गर्दै आएको चर्चा गर्दै उहाँले भारतीय विस्तारवादलाई टेवा पुऱ्याउने काम सरकारले गरिरहेको बताउनुभयो ।

आ-आफ्नो पेसामा मेहनत गरेजस्तै ‘मजदुर’ र ‘श्रमिक’ पत्रिकालगायत ‘विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू’ जस्ता पुस्तकहरू अध्ययन गर्नुपर्ने आवश्यकता सचिव सुवालले औँल्याउनुभयो ।

नेक्रामसङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले कार्यकर्ताहरू सदैव दमकल र एम्बुलेन्स सरह तयारी अवस्थामा रहनुपर्छ भन्नुभयो ।

नेक्रामसङ्घका केन्द्रीय सदस्य राजकृष्ण गोराले पत्रिका अध्ययन गर्नु आफूमा थप ऊर्जा प्रदान गर्नु हो भन्नुभयो ।

सङ्घका अध्यक्ष विष्णुराम दुमरुले मजदुरहरूको बौद्धिक स्तर र व्यक्तित्व विकास गर्न अन्तरक्रियाजस्ता कार्यक्रमले टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा सङ्घका सचिव रमेश दुमरु, विक्रम ढुकुछु, गणेशप्रसाद सुवाल, पुण्यराम न्हुछे, रामसुन्दर सुवाल, पञ्चरत्न सैंजू, रामकृष्ण बखुन्छेँ र राजेश बुयोले पनि बोल्नुभएको थियो ।

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ७९

**लुम्बिनी प्रदेश**

लुम्बिनी प्रदेशअन्तर्गत बाँके र रूपन्देही जिल्लाको स्थलगत अनुगमनमा भएका छलफल अन्तरक्रिया तथा स्थलगत निरीक्षणको क्रममा प्राप्त सुझावहरू निम्न छन् :

**रूपन्देही**

**नारायण महत, माओवादी, सैनामैना**

आन्दोलनको समीक्षा राम्रोसँग हुनुपर्छ । एकै दिन निषेधित क्षेत्र तोड्ने र संसद्भित्र छिर्ने काम कसरी भयो ? चुनाव मात्रै नाम लिएर हुँदैन । अपराधीलाई कारबाही हुनुपऱ्यो । प्रहरी प्रशासनले आफ्नै सुरक्षा गर्न सकेन भने अपराधीलाई कसरी कारबाही गर्छ ? २० लाख बराबर क्षति भएको छ । अपराधी चिनिन्छ तर कारबाही हुँदैन किन ? भौतिक रूपमा हामीमाथि किन आक्रमण भयो ? प्रशासनले गर्ला भनेर चुप लागेका छौँ, नत्र हामी आफै उठ्नेछौँ । जनताले आफै जीवन रक्षा गर्ने अवस्था नआओस् । लागूऔषध दुर्व्यसन गर्ने समाजका निकम्मा व्यक्तिहरूले, पूर्वाग्रही बनेर मेयर, उपमेयर, सांसदहरूको घर जलाए ।

**पुष्प ढकाल, ने.क.पा.**

सहिद स्मृति प्रतिष्ठान ध्वस्त भयो । सरकार सामाजिक न्यायको पक्षमा हुनुपर्छ । पहिलो दिन नै संसद् भवनभित्र छिर्ने कस्तो सुरक्षा योजना बन्यो ? टाउकोमा गोली हानिएको बाहिरबाट नै हो भन्ने छ । जनता अझै सुरक्षित छैनन् भने निर्वाचन कसरी होला ? जेनजीका नाममा व्यक्तिगत रिसइवी लिनेहरूलाई कानुनी दायरामा ल्याउनुपर्छ । आन्दोलनका नाममा जे पनि गर्न हुन्छ भन्ने भाष्य नबनोस् । क्षति गर्ने पहिचान भएका छन् तर प्रहरीले किटानी दिनुहोस् भन्छ । प्रहरीलाई काम गर्न किन गाऱ्हो भयो ? अहिले राजनैतिक अस्थिरता बढ्दै गएको छ । युवाहरू निरास छन् ।

**जीवराज आश्रित प्रतिष्ठान**

आयोगको विश्वसनीयतामा नै प्रश्न छ । भदौ २३ गते साँझ ५ बजेदेखि २४ गतेसम्मका सबै घटना आपराधिक हुन् । विगतमा आपराधिक कार्यमा मुछिएकाहरूको संलग्नता र रिसइवी गर्नेको सहभागिता देखिन्छ । गृहमन्त्रीले आयोगको रिपोर्टपछि कारबाही गर्नुहुन्छ कि हुन्न, त्यसको सुनिश्चित गर्नुपऱ्यो । दण्डहीनतालाई प्रश्रय दिएको देखियो । हाम्रा प्रतिष्ठानमा करिब ३२ लाखको क्षति भएको छ । अधिकांशको बीमा पनि थिएन । प्रहरी भन्छ, “तपाईँ सुरक्षित रहनुस् । हामी अहिले अनौपचारिक रूपमा निवेदन लिन्छौँ, माथिको आदेश स्पष्ट छैन ।”

**बासुदेव घिमिरे, पूर्वसांसद एमाले**

घरको प्रत्येक कोठा खरानी भएको छ । समाजमा रहेका अराजक तत्त्व, अभिभावकलाई नटेर्ने युवा र लागूऔषध सेवनकर्ताहरूले आगो लगाएका हुन् । सरकारविहीन अवस्थामा हामी

***बाँकी पृष्ठ २ मा***

## गाईजात्रा सापारुमा प्रदर्शन हुने सांस्कृतिक प्रस्तुतिसम्बन्धी संस्कृतिकर्मीहरूको भेला

भक्तपुर, २२ साउन । भक्तपुर नगरपालिकाको आयोजनामा २०८३ सालको गाईजात्रा सापारु पर्वमा प्रदर्शन गरिने सांस्कृतिक प्रस्तुतिहरूलाई थप व्यवस्थित, मौलिक र मर्यादित बनाउन शुक्रबार संस्कृतिकर्मीहरूको भेला भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरले मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धनमा निरन्तर काम गरिरहेको बताउनुभयो । भक्तपुर नगरपालिकाले हाल ६ वटा अभौतिक सांस्कृतिक सम्पदालाई सूचिकृत गर्ने प्रक्रिया अगाडि बढाइएको उहाँले जानकारी दिनुभयो ।

नगर प्रमुख प्रजापतिले गाईजात्रा भक्तपुरको मौलिक पहिचान भएको उल्लेख गर्दै यसको मौलिकता जोगाउन बर्सेनि प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट प्रस्तुतिलाई पुरस्कृत गर्दै आएको बताउनुभयो । यस अभियानले स्थानीय संस्कृतिलाई राष्ट्रियस्तरसम्म स्थापित गर्न सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

उहाँले गाईजात्रा केवल मनोरञ्जनको पर्व नभई राजनीतिक चेतनास्तर उकास्ने ऐतिहासिक




अभियानका रूपमा समेत स्थापित भएको उल्लेख गर्दै युवा पुस्तालाई अनुशासित र जिम्मेवार बनाउने माध्यमका रूपमा यस पर्वलाई लिनुपर्ने धारणा राख्नुभयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुरको इतिहासलाई सयौँ वर्षसम्म जीवन्त राख्ने उद्देश्यले नगरपालिकाले सांस्कृतिक संरक्षणका विभिन्न अभियान सञ्चालन गर्दै आएको उल्लेख गर्दै सांस्कृतिक गुरूहरूको सम्मान गर्ने परम्परासमेत बसालिएको बताउनुभयो ।

वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले

***बाँकी पृष्ठ २ मा***



**कमल पोखरी :**
भक्तपुरको मध्यपुर थिमि वडा नं ८ बोडेमा रहेको कमल पोखरी र पोखरीमा फुलेको कमलको फूल । *तस्बिर: रत्न श्रेष्ठ/रासस*

# ख्वप इन्जिनियरिङ कलेजमा समर खेलकुद प्रतियोगिता सुरु

भक्तपुर, २२ साउन । विद्यार्थीहरूको शैक्षिक विकासका साथै शारीरिक र मानसिक तन्दुरुस्तीलाई प्रवर्द्धन गर्ने उद्देश्यले ख्वप इन्जिनियरिङ कलेजमा अन्तरकक्षा समर खेलकुद प्रतियोगिता सुरु भएको छ । कलेजको आयोजनामा सञ्चालित उक्त प्रतियोगिता साउन २४ गते आइतबारसम्म सञ्चालन हुनेछ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बेखाल टेबलटेनिस हलमा एक विशेष समारोहका बिच कलेजका उपप्राचार्य डा. सुवेगमान बिजुक्छैंले टेबलटेनिस खेलका निर्णायक इन्द्रभक्त पञ्चलाई खेल सामग्री हस्तान्तरण गर्दै प्रतियोगिताको औपचारिक उद्घाटन गर्नुभयो । प्रतियोगिताको पहिलो दिन शुक्रबार टेबलटेनिसका इभेन्टहरू निकै उत्साहजनक रूपमा सम्पन्न भएका छन् । कलेजका विभिन्न सङ्काय र ब्याचका विद्यार्थीहरू सम्मिलित यस खेलका छात्र तथा छात्रातर्फका क्वाटरफाइनलसम्मका खेलहरू निकै



प्रतिस्पर्धात्मक रूपमा सम्पन्न भएको आयोजक खेलकुद प्रशिक्षकले बताउनुभयो ।

इन्जिनियरिङको पढाइ चुनौतीपूर्ण र व्यस्त हुने हुँदा विद्यार्थीलाई मानसिक तनावबाट मुक्त राख्न र सामूहिक भावना (टीमवर्क) को विकास गर्न यस्ता खेलकुद निकै प्रभावकारी हुने कलेज प्रशासनको बुझाइ छ ।

ख्वप इन्जिनियरिङ कलेज विद्यार्थी परामर्श समितिका संयोजक तथा कलेजका उप-प्राचार्य डा. सुवेगमान बिजुक्छैंका अनुसार विद्यार्थीहरूलाई पढाइको चापका बिच पनि सक्रिय र ऊर्जावान् बनाइराख्न कलेजले हरेक महिना यस्ता विविध खेलकुद प्रतियोगिताहरू आयोजना गर्दै आएको छ । "कलेज प्रशासनले खेलकुदलाई पाठ्यक्रमकै एक अभिन्न हिस्साका रूपमा लिँदै विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा उच्च प्राथमिकता दिएको छ," उहाँले भन्नुभयो ।

शनिबार टेबलटेनिस खेलका सेमिफाइनल र फाइनल खेलहरू हुनेछन् भने सोही दिन लिबालीस्थित कभर्ड हलमा ब्याडमिन्टन र कलेज परिसरमा चेस खेलहरू सञ्चालन हुने कलेजका खेलकुद प्रशिक्षक श्यामकृष्ण बासुकलाले जानकारी दिनुभयो ।

समर खेलकुद प्रतियोगितामा छात्र-छात्रा टेबलटेनिसमा ७० जना, ब्याडमिन्टनमा ८५ जना र चेसमा ६० जना गरी जम्मा २१५ जना विद्यार्थीको सहभागिता रहेको छ । ब्याडमिन्टन र चेस खेलहरू आइतबारसम्म सञ्चालन हुनेछन् र सोही दिन फाइनल खेलहरू हुने र विजेताहरूलाई पुरस्कार वितरण गरी प्रतियोगिता सम्पन्न हुने आयोजकले जानकारी दिएको छ ।

# नेपाल-भारत सीमा सुरक्षित र निश्चित गर्न आवश्यक

काठमाडौँ, २२ साउन । नेपाल-भारत खुला सीमा भएकै कारण सीमा विवाद बढेको हो । वर्षौंदेखिको त्यो सीमा विवाद अहिलेसम्म व्यवस्थित भएको छैन । व्यवस्थापन गर्नेतर्फ न त नेपाल सरकारले चासो लियो न त भारतले नै चासो लियो । वास्तवमा खुला सीमा व्यवस्थित गर्नुपर्थ्यो । खुला सीमा व्यवस्थित नभएकोले भारतीय पक्षले धेरै ठाउँमा नेपाली भूमि मिचेको छ, नेपाली भूमि मिचेर नेपालीलाई उठिवास गराएको छ । यसको दृष्टान्त नेपाली भूमि सुस्ताको अतिक्रमण पनि हो । नवलपरासी जिल्लाको सुस्ता क्षेत्रमा उहिले नै भारतीय नागरिकहरूले गैरकानुनी तरिकाबाट बसोबास गरेका थिए । सन् १८१७ मा तत्कालीन ब्रिटिश भारत सरकार र नेपाल सरकारबिच भएको सन्धिमा पूर्वी धारलाई सुस्ताको सीमा कायम हुने उल्लेख छ । दशकौं पहिले सुस्ता भूमि रक्षाको निम्ति लड्ने स्थानीय र देशरक्षक नेपालीलाई भारतीय लुटेराहरूले हत्या गरेको र सुस्ता क्षेत्रमा अनाधिकार प्रदेश गरी भारतीय अधिकारीहरूले अपहरण गरी भारतको बेतिया जेलमा थुनेको खबर उहिले नै प्रकाशमा आएको थियो ।

त्यसरी नै २०२५ सालमा नेपाली जनता र भारतीय प्रहरीबिच सङ्घर्ष भएको थियो । सुस्ता मिचेको विरोधमा पहिलो पटक २०२५ सालमा भक्तपुरमा पनि नेमकिपा र नेक्राकिसङ्घले विरोध जुलुस तथा सभाको आयोजना गरेका थिए । त्यसबेला सुस्ताविवाद चर्केपछि वार्ता गर्न समय र मिति तोकेको थियो । तर, भारतीय अधिकारीहरूको अनुपस्थितिले गर्दा त्यो वार्ता भएन । सारमा, नेपालको दक्षिण सीमामा हजारौं बिघा जग्गा भारत सरकारले मिचेको खबर उहिले नै छापामा आएको थियो । त्यो कुनै पनि भूमि नेपालले फिर्ता पाएको छैन । भारतीय पक्षको मिचाहा प्रवृत्ति अद्यापि छ । सुस्ता काण्डको समाचार प्रकाशनमा लगत्तै काठमाडौंस्थित भारतीय दूतावासले विभिन्न विज्ञप्ति प्रकाशित गरी उक्त अतिक्रमणलाई ढाकछोप गरी पार लगाउने काम गरेको थियो । मेचीदेखि महाकालीसम्मको लामो सीमामा सुस्तामात्र होइन अरू कति ठाउँमा सीमा रेखा स्पष्ट छैन । भएको सीमा रेखा पनि जीर्ण भई निश्चित सीमा अस्पष्ट भइसकेको छ ।

सुस्ताको विवादपछि महेशपुरको पनि सीमा विवाद भएको थियो । भद्रपुरदेखि ३ माइल दक्षिणको महेशपुर गाउँमा २०२६ सालमा स्थानीय नेपाली किसानलाई हुनसम्मको दु:ख दिएको थियो । नेपालको सीमा क्षेत्रबाट आधा माइलभित्रको जग्गामा पनि भारतीय पक्षले आफ्नो दाबी गरेर दु:ख दियो । नेपालको दक्षिण सीमामा हजारौं बिघा जमिन भारतीय पक्षले अतिक्रमण गरेको थियो । झापाको बाहुनडाँगी, पाठामारी, नकलबन्दा आदि क्षेत्रमा भारतले जग्गा हडपेको थियो । यसरी नै सुनसरीको भीमनगर, सप्तरीको हरिहरपुर, विराटनगरको जोगबनीमा पनि सीमा स्पष्ट छैन । देशको विभिन्न ठाउँमा देखिएको सीमा विवाद अन्त्य गर्न र सीमा विवादबारे नेपाल-भारतका बासिन्दाहरूबिच हुने विवाद, अतिक्रमण अन्त्य गर्न सिमानालाई वैज्ञानिक ढङ्गबाट सीमा पुनर्लेखन गर्नु आवश्यक छ ।

नेपाल-भारत सीमा विवादको शान्तिपूर्ण समाधानको निम्ति सीमा क्षेत्रमा यथापूर्व स्थिति कायम गर्नुपर्छ । सीमा टुङ्गो लगाएर सधैंको निम्ति विवाद नहुने वातावरण तयार गर्नुपर्छ । यसको लागि ऐतिहासिक प्रमाण र कागजातबमोजिम छानबिन गर्नुपर्छ । नेपालको भारतसँगको सीमाको पुन:मूल्याङ्कन गर्ने र नेपालसँग मिचेर गरिएका सन्धिहरू खारेज गर्नुपर्छ । खुला सीमा व्यवस्थित गर्नुपर्छ । जहाँ जहाँ आवतजावत हुने बाटो छ, त्यहाँ त्यहाँ पोस्ट खडा गरेर सुरक्षाकर्मीको व्यवस्था गर्नुपर्छ । नेपाल-भारत सीमामा डकैती समस्या बढ्दो छ । नेपाली जनता असुरक्षित छन् । समाजविरोधीहरूको चलखेल र आपराधिक व्यक्तिहरूको आवतजावतले धेरै नेपालीहरू ठगिएका, कुटिएका छन् । खुला सीमाकै कारण अहिले पनि तराईतिर नक्कली भारतीय रूपैयाँको गोप्य कारोबार भइरहेको बताइन्छ । सीमा क्षेत्रमा अवाञ्छनीय गतिविधि नियन्त्रण गर्न सकेको छैन ।

सिमाना जोडिएका जिल्लाका दुवैतिरका बासिन्दाहरूको सुविधाको लागि खुकुलो पासपोर्ट वा परिचयपत्रको व्यवस्था गरेर वारपार गर्न पाउने कुरा पनि चर्चामा आएको छ । नेपाल-भारत सिमाना बिजुली तारले घेर्दा सस्तो हुने कुरा पनि चर्चामा छ । सीमा व्यवस्थित भएमा सामाजिक अपराध रोकथाम गर्न र राष्ट्रिय सुरक्षाको हिसाबले पनि फाइदा हुन्छ । बस्ती नभएको वा जङ्गलको इलाकामा सीमा रक्षकको बन्दोबस्त हुनुपर्छ । अत: नेपाल-भारतको सीमा सुरक्षित र सुनिश्चित गर्न नेपालले नै पहल गर्नुपर्छ । भारतले सीमा सुरक्षित र सुनिश्चित गर्न पहल गर्दैन । किनभने, भारत नेपाली भूमि मिच्न चाहन्छ; मिच्दै छ । नेपाली भूमि मिच्ने भारतीय पक्षको मिचाहा प्रवृत्ति अन्त्य गर्न र आ-आफ्नो सीमाको रक्षा गर्न पनि सीमा विवाद सुल्झाउनुपर्छ; सुल्झाउन आवश्यक प्रक्रिया बढाउनुपर्छ ।

***कार्की..***

पुगेका छौं । किटानी जाहेरीसँगै भिडियो दिँदा पनि प्रहरी प्रशासनले काम गरेको छैन । सुरक्षा संयन्त्रको लाचारीपन देखिन्छ । दमकल पनि रोकिएको छ । दमकल जलाइन्छ भनेर प्रहरीले रोकेको थियो । जनप्रतिनिधिको त यस्तो अवस्था छ, सर्वसाधारणको के हालत होला ? नेपाल प्रहरीमा यस्तो कमजोर मनस्थिति यसअघि कहिल्यै थिएन । समयमै आवश्यक कानुनी कारबाही भएन भने लामो समयसम्म दण्डहीनता रहन जान्छ । मेरो ३ करोड २० लाख बराबरको क्षति भएको छ ।

**पर्शुराम गिरी, वडाध्यक्ष**

सर्वसाधारणको ठुलो भौतिक र मानसिक क्षति भएको छ । अब हामी बाँच्ने कसरी र कहाँ जाने ? आयोगले पहिचान गरी कारबाही गरोस् । "आफै सुरक्षित बस्नुस्" भन्ने सुरक्षा निकायहरूबाट के आस गर्ने ? सुरक्षित वातावरण कहिले बन्छ ? गल्ती गर्ने व्यक्तिलाई आयोगले कारबाही गर्नुपर्छ । सुरक्षा निकायलाई मनोबल बढाउने काम गर्नुपर्छ । भदौ २४ गते साँझ ७ बजे अराजक तत्त्वले लिला गिरीको घर आगजनी गरी मेरो घर लुटपाट र आगजनी गरेका छन् । ३२ तोला सुन र नगद लुटेर लगेका छन् । शान्ति सुरक्षा आफैले नगरे बाँच्न सक्ने अवस्था रहेन । सुरक्षा संयन्त्रसँगको विश्वास घट्यो ।

**विष्णुप्रसाद बस्याल, शुद्धोधन गाउँपालिका अध्यक्ष**

भागेर लुकेर ज्यान बचाइयो । घरमा पेट्रोल बम हानिएको छ । मानसिक तनावले ग्रस्त छु ।

**ध्रुव खरेल, देवदह नगरपालिका प्रमुख**

म प्रत्यक्ष पीडित छु । २३ गते देवदहमा केही भएन । २४ गते अराजक भिडले २ बजे देवदह नगरपालिका गएर कर्मचारीलाई उत्तेजित गराउने, ढुङ्गा हान्ने र हान्न लगाउने कार्य गरेको देखियो । मेरो घरमा हुल आउँदा नेपाल प्रहरी र सशस्त्र प्रहरी पनि घर छेउमा थिए तर बचाउन आएनन् । कम्पाउन्डभित्र २०/२५ जना प्रदर्शनकारी छिरे र सबै ध्वस्त भयो । ५/६ तोला सुन फिर्ता भयो १६ तोला अझै फेला परेन । लान मिल्ने जति सबै लगे । गड्यौलाको मुल पनि लगे, भाँडाकुँडा, चामल सबै लगे । लान नमिल्ने सबै आगो लगाए । अ.७५/८० लाख सम्पत्ति क्षति भयो । हामीले प्रत्येकलाई चिनेका छौं । नलुकेको भए मारिदिन्थे हामीलाई । प्रहरीले मुचुल्का उठायो, निवेदन लियो तर दर्ता गरेन । अपराधी खुलेआम हिँडेको छ । पक्राउ परेकालाई पनि 'माथिको आदेश' भनी छोड्ने काम भइरहेको छ । हामी अन्यायमा परेका छौं । भिडियो सबै छ । जनप्रतिनिधि भएबापत हामीलाई किन यस्तो पीडा दिइयो ? हामीले भ्रष्टाचार गरेको भए छानबिन गरोस् । सरकारले राज्य र नागरिकको सुरक्षाभन्दा अपराधीलाई संरक्षण गरेको जस्तो देखिन्छ । हामी घरवारविहीन भएका छौं । हामीले आयोगमार्फत न्यायको याचना गर्छौं ।

**हितराज पन्थी, नेकपा एमाले**

आयोगको विश्वसनीयतामाथि प्रश्न चिह्न खडा भएको छ । नेपाल राष्ट्रको स्वाभिमान बचाउने बेला आयो । जेनजी आन्दोलन पवित्र भावनासहित आएको थियो तर विध्वंसमा रूपान्तरण गरियो । गल्ती गर्ने जो भए पनि कारबाही होस् । दोषीलाई नेकपा एमालेले संरक्षण गर्दैन । राज्यविहीनको अवस्थाले अर्को विध्वंश निम्त्याउन सक्छ । हामी राज्यविहीनको अवस्थामा छौं । सरकारका अङ्गहरू यस्तो विषयमा किन निष्क्रिय देखिए ? सबै तहका पार्टी कार्यालयहरू तोडफोड भएका छन् । आन्दोलनकारीले पेट्रोल बम, रसायनहरू कसरी प्रयोग गरे ? योजनाबद्ध ढङ्गले व्यक्तिगत घरहरू जलाइएको छ, राम्ररी छानबिन होस् । मान्छेलाई भड्काएर आफ्नो स्वार्थ सिद्ध गर्ने समूहविरुद्ध पार्टीहरूले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्न प्रयास गरेका छन् । सबै अडियो भिडियो हामी उपलब्ध गराउँछौं; दोषीलाई कारबाही होस् । राज्यका सुरक्षा निकायको भूमिका सन्देहपूर्ण छ । सबै पार्टी निर्वाचनबाट भाग्दैनन् तर लुटिएका हातहतियार गोली फिर्तासहित उचित वातावरणबेगर निर्वाचनमा जानुको कुनै अर्थ हुँदैन ।

***गाईजात्रा...***

गाईजात्रामा प्रदर्शन हुने सांस्कृतिक प्रस्तुतिको मूल्याङ्कन प्रणाली धेरै वर्षदेखि सञ्चालन हुँदै आएको बताउँदै समयसँगै अझ परिष्कृत तथा व्यवस्थित बन्दै गएको जानकारी दिनुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले कार्यक्रमको उद्देश्य, मूल्याङ्कन प्रक्रिया तथा सहभागितासम्बन्धी विस्तृतमा जानकारी गराउनुभयो ।

कार्यक्रममा सहभागी सांस्कृतिक गुरुहरूले गाईजात्रा भक्तपुरको मौलिक पहिचान भएकोले यसको मौलिक स्वरूप जोगाउँदै अनुशासित र मर्यादित ढङ्गले प्रदर्शन गर्नुपर्नेमा जोड दिनुभयो ।

***इमानदारिता...***

उहाँले पार्टीको अनुशासन, नीति र कर्तव्यबारे स्पष्ट पार्दै सूचनामा पहुँच राख्ने र राष्ट्रिय-अन्तर्राष्ट्रिय विषयमा जानकार रहने फराकिलो सोच कार्यकर्तामा हुनुपर्ने बताउनुभयो । देशको अहित हुने कार्य गर्दै वर्तमान सरकार जनताप्रति जवाफदेही नरहेको उहाँले बताउनुभयो ।

कार्यक्रमका सभापति कृष्णगोविन्द खाइजुले प्रत्येक पार्टी सदस्यले पार्टीको नीति, सिद्धान्त र उद्देश्य ग्रहण गरी काम गर्नुपर्ने बताउनुभयो । उक्त कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष विष्णुराम दुमरुले दिनुभएको थियो भने कार्यक्रम सञ्चालन सचिव चन्द्रप्रसाद दुमरुले गर्नुभएको थियो ।

# भदौ ४ गते इन्द्रायणी द्योछेँको उद्घाटन र क्षमा पूजा



भक्तपुर, २२ साउन । भनपा वडा नं. २ खौमास्थित इन्द्रायणी द्योछेँ (मन्दिर) उद्घाटनसम्बन्धी छलफल गर्न शुक्रबार वडावासीहरूको भेला भयो ।

भेलामा नगर प्रमुख सुनिल प्रजापतिले भनपाले हरेक विकास निर्माणका काममा जनताको सहभागितासँगै आर्थिक पारदर्शिता र जवाफदेहितासाथ काम गर्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "स्थानीय जनसहभागिताको उपस्थितिमा विकास निर्माण कार्य गर्दा दिगो र आत्मीयता कायम हुनुका साथै कम लागतमा विकास निर्माण सम्पन्न हुने गर्छ । जनसहभागितामा विकास निर्माण सम्पन्न हुनु भक्तपुर नगरको विशेषता हो ।"

भक्तपुर नगरको सम्पदा संरक्षण र निर्माण परम्परागत शैलीमा निर्माण कार्यमा जोड दिइरहेको उल्लेख गर्दै प्रमुख प्रजापतिले भनपाको विकास निर्माणलगायत नगरपालिकाको गतिविधि पारदर्शी भएको बताउनुभयो ।

भनपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले आफ्नै स्रोत साधनलाई प्राथमिकता दिनुपर्ने मान्यताअनुरूप भनपाले काम गरिरहेको बताउनुभयो ।

भनपा साबिक वडा नं. १५ का पूर्ववडाध्यक्ष रवीन्द्र खर्बुजाले भनपाले हरेक विकास निर्माण कार्यमा स्थानीय जनताको सुझावलाई प्राथमिकता दिँदै काम गरिरहेको उल्लेख गर्दै आर्थिक सहयोगको नाममा स्वामित्व खोज्नेप्रति सजग हुनुपर्ने बताउनुभयो ।

भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाको सभापतित्वमा भएको उक्त कार्यक्रममा इन्द्रायणी द्योछेँ निर्माण उपभोक्ता समितिका अध्यक्ष विनोदचरण राय, स्थानीय सूर्यनारायण फाजु र वडा सदस्य मन्जु लाखाजुले पनि बोल्नुभएको थियो ।

उक्त मन्दिर पुनः निर्माणमा हालसम्म ३ करोड ६६ लाख ९६ हजार ४६७ रुपैयाँ खर्च भएको र मन्दिरको भदौ ४ गते क्षमा पूजा हुने आयोजकले बताएको छ ।

# रामबिन्दु श्रेष्ठको कृति 'नेपाल–रुस सम्बन्धका पाटाहरू' सार्वजनिक

काठमाडौँ, २२ साउन । नेपाल-रुसबीच औपचारिक सम्बन्ध जोडिएको ७० औँ वार्षिकोत्सवको अवसरमा लेखक रामबिन्दु श्रेष्ठको कृति 'नेपाल-रुस सम्बन्धका पाटाहरू' सार्वजनिक गरिएको छ । नेपाल-रुस साहित्य समाज तथा रुसी सदन, काठमाडौँको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा नेपाली कवयित्रीहरूलाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रममा नेपालका लागि रुसी राजदूत रिन्चेन रक्साएभले रुस-नेपाल सम्बन्ध बलियो बनाउन विभिन्न साहित्यकारहरूले खेलेको भूमिकाको प्रशंसा गर्नुभयो ।

परराष्ट्रविद् तथा रुसका लागि नेपालका पूर्वराजदूत हिरण्यलाल श्रेष्ठले नेपालले अङ्गीकार गरेको तटस्थ परराष्ट्र नीतिलाई सन्तुलनमा ल्याउन ७० वर्षअघि जोडिएको रुस-नेपालबिच कूटनीतिक सम्बन्धले कोसेढुङ्गाको काम गरेको स्मरण गर्नुभयो ।

उहाँले रुसले प्रस्ताव गरेका दुई परियोजना 'पूर्व-पश्चिम विद्युतीय रेलमार्ग' र 'कान्ति अस्पतालको आधुनिकीकरण' लाई अघि बढाउन नेपाल सरकारसँग आग्रह गर्नुभयो ।

रुसी सदनकी प्रमुख अनास्तासिया खोक्लोभाले पुस्तकले नेपाल-रुस सम्बन्धलाई तथ्यसङ्गत ढङ्गले उजागर गरेको बताउनुभयो ।

रुसका लागि पूर्वराजदूत मिलनराज तुलाधरले रुसका तीन राज्यमा बौद्ध धर्मावलम्बीहरूको बाहुल्य रहेको र सन् १९१४ मा रुसको राजधानी पिटर्सबर्गमा युरोपकै सबैभन्दा पुरानो बौद्ध मूर्ति अनावरण गरिएको बताउनुभयो ।

२००८ सालमा 'यो हो सोभियत रुस' नामक पुस्तक लेखेर गोविन्दप्रसाद लोहनीले रुसबारे नेपाली जनमानसमा रहेका १४ भ्रम चिरेको स्मरण गर्दै 'नेपाल-रुस सम्बन्धका पाटाहरू' ले पनि सोही धर्म निभाउने उहाँले आशा लिनुभयो ।

पूर्वराजदूत तुलाधरले भन्नुभयो, "नेपाल-रुसबीच औपचारिक सम्बन्ध सन् १९५६ मा जोडिए पनि सन् १९५३ मा नै पूर्णबहादुर एमए, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाको प्रतिनिधिमण्डल रुस पुगेको थियो ।"

कार्यक्रममा नेपालभाषा एकेडेमीका चान्सलर कृष्णसुन्दर मल्लले पुस्तकमा नेपाल-रुसबीच जनस्तरमा जोडिएको सम्बन्धबारे कम चर्चा गरिएको बताउनुभयो ।

नेपाल-रुस साहित्य समाजका अध्यक्ष विष्णुबहादुर सिंहको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष चन्द्रकान्त आचार्यले स्वागत गर्नुभएको थियो ।

नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशित उक्त पुस्तकको अङ्गग्रेजी नाम 'नेपाल-रसिया : डाइमेन्सन्स आफ बाइलेटरल रिलेसन्स' राखिएको छ ।



**ग्यास लिन लामबद्ध उपभोक्ता :**
नेपाल आयल निगमले टेकुस्थित आफ्नो पुरानो केन्द्रीय कार्यालयबाट वितरण गरिरहेको ग्यास लिन लामबद्ध उपभोक्ता । *तस्बिर : नवीन पौडेल/रासस*

# तीन दशकपछि पुनर्जागरण हुँदै ताथलीको भैलः प्याखं

✍ **हरिसुन्दर छुकां**

भक्तपुर, २२ साउन । चाँगुनारायण नगरपालिका-९, ताथलीको सौडोलको खगां टोलमा विगत करिब तीन दशकदेखि अवरुद्ध मौलिक तथा परम्परागत भैलः प्याखं (भैरव नाच) लाई पुनःजीवन दिने तयारी सुरु भएको छ । लामो समयदेखि रोकिएको उक्त सांस्कृतिक परम्परालाई नयाँ पुस्तासँग जोड्दै पुनः सञ्चालनमा ल्याउने उद्देश्यले खगां भैलः प्याखं पुनर्जागरण कार्य अघि बढाइएको हो ।

खगां दाफा भजन खलः, पुरानो पुस्ताका जानकार, नयाँ पुस्ता तथा संस्कृतिप्रेमीहरूको बिहीबार भएको सामूहिक छलफलपछि भैलः प्याखंलाई पुनः सञ्चालन गर्ने निष्कर्ष निकालिएको हो । छलफलमा समयक्रमसँगै मौलिक कला, नृत्य तथा सांस्कृतिक परम्पराहरू कमजोर हुँदै गएको अवस्थामा समुदायको पहिचानसँग जोडिएको भैलः प्याखंलाई संरक्षण र पुस्तान्तरण गर्नुपर्ने आवश्यकता औँल्याइएको थियो ।

खगां भैलः प्याखंलाई व्यवस्थित रूपमा पुनर्जीवन दिन प्रशिक्षण सञ्चालन तथा व्यवस्थापनका लागि स्थानीय हरिसुन्दर छुकांको अध्यक्षतामा १३ सदस्यीय समिति गठन गरिएको छ ।

समितिले भैरव नाचको प्रशिक्षण सञ्चालनदेखि नियमित अभ्यास, सहभागी तथा कलाकारको व्यवस्थापन, आवश्यक सामग्रीको तयारी, पुराना गुरु तथा जानकारसँग समन्वय र आगामी प्रस्तुतिको व्यवस्थापनसम्मका काममा सहजीकरण गर्नेछ ।

लामो समयसम्म भैलः प्याखं सञ्चालन नहुँदा यसको अभ्यास तथा प्रस्तुति शैलीसँग नयाँ पुस्ताको प्रत्यक्ष सम्बन्ध कमजोर हुँदै गएको छ । त्यसैले नयाँ पुस्तालाई प्राथमिकतामा राखेर प्रशिक्षण सञ्चालन गर्ने र पुराना गुरु तथा जानकारबाट प्राप्त ज्ञान तथा सीपलाई नयाँ पुस्तासम्म पुऱ्याउने अभियानको उद्देश्य रहेको छ ।

**गुरु-शिष्य परम्परामा बाँचेको भैलः प्याखं**

ताथलीको भैलः प्याखंको इतिहास स्थानीय सांस्कृतिक जीवन र स्मरणसँग जोडिएको छ । स्थानीय जानकार तथा ज्येष्ठ पुस्ताले सुनाउँदै आएको मौखिक इतिहासअनुसार भक्तपुर नगरका विभिन्न स्थानमा प्रचलित भैलः प्याखं सिकाउने क्रममा ताथलीका गुरुहरूको समेत भूमिका रहेको बताइन्छ ।

गुरुबाट शिष्यमा ज्ञान र सीप हस्तान्तरण हुँदै आएको भैरव नाचमा नृत्यका चाल, ताल, अभिनय, पात्रको प्रस्तुति, बाजागाजासँगको समन्वय तथा अनुशासन महत्त्वपूर्ण पक्षका रूपमा रहेका छन् । यस्ता पक्ष पुस्तौँदेखि अभ्यास र प्रशिक्षणमार्फत हस्तान्तरण हुँदै आएको स्थानीयहरूको भनाइ छ ।



खगां भैल प्याखं, ताथली

यसैले खगां भैलः प्याखंको पुनर्जागरणलाई रोकिएको नाचलाई पुनः जीवित बनाउने मात्र नभई गुरु-शिष्य परम्परामा आधारित सांस्कृतिक ज्ञानको पुनःस्थापना गर्ने अभियानका रूपमा हेरिएको छ ।

**भैरव नाचमा धार्मिक आस्था र सांस्कृतिक पहिचान**

भैलः प्याखं भक्तपुर उपत्यकाको मौलिक सांस्कृतिक परम्परासँग जोडिएको नृत्य-नाट्य शैली हो । यसमा नृत्य, अभिनय, सङ्गीत, बाजागाजा, भेषभूषा तथा धार्मिक आस्थाको संयोजन पाइन्छ ।

स्थानीय समुदायमा यस्ता प्याखंहरू मनोरञ्जनका लागि मात्र नभई धार्मिक तथा सांस्कृतिक अनुष्ठान, सामुदायिक एकता र स्थानीय पहिचानको अभिव्यक्तिका रूपमा समेत स्थापित छन् ।

खगां टोलमा लामो समयदेखि रोकिएको भैलः प्याखं पुनः सञ्चालन हुँदा स्थानीय सांस्कृतिक गतिविधिमा नयाँ ऊर्जा थपिने र युवा पुस्तालाई आफ्नो मौलिक संस्कृतिसँग प्रत्यक्ष जोड्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्रशिक्षणमा युवाहरूलाई सहभागी गराई भैलः प्याखंका चाल, ताल, नृत्यशैली, पात्रको भूमिका, बाजागाजा तथा प्रस्तुति पद्धतिबारे अभ्यास गराउने तयारी गरिएको छ । पुराना गुरु तथा अनुभवी कलाकारबाट नयाँ पुस्ताले प्रत्यक्ष रूपमा सिक्ने वातावरण तयार पार्ने लक्ष्य राखिएको छ ।

यसले पुराना पुस्तामा सीमित हुँदै गएको ज्ञानलाई नयाँ पुस्तासम्म पुऱ्याउनुका साथै भविष्यमा भैलः प्याखंलाई नियमित रूपमा सञ्चालन गर्न आवश्यक जनशक्ति तयार हुने विश्वास गरिएको छ ।

**इतिहास अभिलेखीकरण आवश्यक**

भैलः प्याखं पुनर्जागरणसँगै यसको इतिहासलाई लिखित तथा श्रव्य-दृश्य रूपमा अभिलेखीकरण गर्नुपर्ने आवश्यकता देखिएको छ ।

विशेष गरी ताथलीका पुराना गुरुहरू कोको थिए, उनीहरूले कसलाई प्रशिक्षण दिए, भक्तपुरका कुन-कुन स्थानमा गएर भैरव नाच सिकाए, कुन समयमा यसको विस्तार भयो, नाचका मौलिक चाल तथा शैली के-कस्ता थिए भन्ने विषयमा पुराना पुस्तासँग जानकारी सङ्कलन गर्नुपर्ने देखिन्छ ।

यस्ता मौखिक इतिहासलाई समयमै सङ्कलन गर्न नसके भावी पुस्ताले महत्त्वपूर्ण सांस्कृतिक विवरण गुमाउन सक्ने भएकोले ज्येष्ठ नागरिक, पुराना गुरु तथा कलाकारसँग छलफल गरी भैलः प्याखंको इतिहास दस्ताबेजीकरण गर्ने कामलाई अभियानसँग जोड्नुपर्ने आवश्यकता रहेको स्थानीय संस्कृतिप्रेमीहरूको धारणा छ ।

**तीन दशकपछि फेरि गुञ्जिनेछ खगां**

करिब तीन दशकको विरामपछि भैलः प्याखं पुनः सञ्चालन गर्ने तयारीले खगां टोलमा उत्साह थपेको छ । पुरानो पुस्ताको अनुभव, वर्तमान पुस्ताको सक्रियता र नयाँ पुस्ताको सहभागितालाई एकै ठाउँमा जोडेर मौलिक सांस्कृतिक परम्परालाई पुनर्जीवन दिने प्रयास सुरु भएको छ ।

खगां भैलः प्याखं पुनर्जागरण अभियानले ताथलीको सांस्कृतिक पहिचानलाई थप बलियो बनाउनुका साथै भक्तपुरको मौलिक कला र परम्परा संरक्षणमा समेत योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

तीन दशकदेखि रोकिएको एउटा नाच फेरि सुरु हुनु आफैंमा सांस्कृतिक पुनरागमन हो । तर, त्यससँगै पुराना गुरुहरूको ज्ञान, पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको सीप र स्थानीय समुदायको सांस्कृतिक स्मृतिलाई नयाँ पुस्तामा पुऱ्याउन सकियो भने यो पुनर्जागरण अझ अर्थपूर्ण बन्नेछ ।

खगांमा फेरि भैलः प्याखंका ताल गुञ्जिनेछ, नयाँ पुस्ता नाच्नेछ र पुरानो पुस्ताले आफ्नो ज्ञान हस्तान्तरण गर्नेछ । यो प्रयाससँगै भैरव नाच परम्परा एउटा पुस्ताबाट अर्को पुस्तामा संस्कृति पनि हस्तान्तरण हुनेछ ।

करिब तीन दशकपछि खगां भैलः प्याखं पुनः सञ्चालनको तयारी भइरहँदा यसको निरन्तरताका लागि आर्थिक व्यवस्थापन चुनौतीका रूपमा देखिएको छ । भैरव नाच सञ्चालन गर्न आवश्यक परम्परागत पोशाक, मकुन्डोको रंगरोगन तथा मर्मत, बाजागाजा र नाचमा प्रयोग हुने विभिन्न सामग्रीको बन्दोबस्त गर्न खर्च आवश्यक पर्ने भएकोले अभियानलाई आर्थिक स्रोतको आवश्यकता परेको हो ।

लामो समयदेखि रोकिएको मौलिक संस्कृति पुनःजीवन दिने अभियान भएकाले यसको सम्पूर्ण भार केही व्यक्ति वा संस्थाले मात्र वहन गर्न कठिन हुने आयोजकको भनाइ छ ।

त्यसैले खगां भैलः प्याखं पुनर्जागरण अभियानलाई सफल बनाउन सहयोगी मन, स्थानीयवासी, संस्कृतिप्रेमी, समाजसेवी, व्यवसायी तथा शुभेच्छुकहरूलाई आर्थिक सहयोगका लागि हार्दिक आह्वान गरिएको छ । सानो-ठुलो जुनसुकै सहयोगले पनि तीन दशकदेखि रोकिएको सांस्कृतिक परम्परालाई पुनःजीवन दिन महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ ।

भेलामा दाफा भजन खलः का कृष्णगोपाल छुकां, राजाराम छुकां, रामभक्त बासुकला, मोहनकुमार छुकां, सुनकुमार छुकां, चाँगुनारायण नपा ९ का वडा सदस्य रविन बासुकला, राम छुकां, हरिगोपाल बासुकला, हरिभक्त छुकां, गोविन्द छुकांलगायतले भैलः प्याखंको महत्त्व, इतिहास, अनुभव सुनाउँदै सामूहिक प्रयासबाट संस्कृतिको जगेर्ना गर्नुपर्नेमा जोड दिनुभयो ।

भेलाले दाफा भजन खलः का गुरु तथा नाइकेहरू र जनप्रतिनिधि तथा समाजसेवीलगायत समावेश गरी सल्लाहकार समिति पनि गठन गरेको छ ।

। सम्पादकीय ।

# सरकार जिम्मेवार नहुँदा जनतालाई सकस

बहुदलीय व्यवस्था पुन:स्थापनाको ३५ वर्षयता सरकारको नेतृत्वमा पुगेका पार्टीहरू नेका, एमाले, माओवादी, राप्रपा र रास्वपा हुन् । यी कुनै पनि पार्टीले नेपालको भारत निर्भर अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने बजेट बनाएनन् । नेपाललाई आवश्यक इन्धन - पेट्रोल, डिजेल, एलपी ग्यासलगायत भारतसँगै किन्नुपर्ने सम्झौतासमेत यी सरकारहरूले गरे । यसकारण, भारतले मौका मिल्नेबित्तिकै नाकाबन्दी लगाएर नेपालीको जीवन कठीन पार्छ । सरकारअन्तर्गतको नेपाल आयल निगमले १० वर्षअगाडि नै सर्लाहीको नेत्रगञ्जमा १५ विघा बढी जमिन किनेर ग्यास भण्डारण गृह बनाउने तयारी गरेको थियो । यो जग्गासहित चार ठाउँमा जग्गा खरिद गर्दा निगमका तत्कालीन कार्यकारी निर्देशक गोपाल खड्काले १ अर्ब रुपैयाँभन्दा बढी भ्रष्टाचार गरेको विशेष अदालतको फैसला सार्वजनिक भयो ।

शासक दलहरूले नेपाल आयल निगम, नेपाल टेलिकम, नेपाल विद्युत् प्राधिकरण, नेपाल वायु सेवा निगम, भन्सार र मालपोत कार्यालयहरूलाई 'दुहुनो गाई' बनाएको पुरानो विषय भयो । रासायनिक मल खरिदमा पनि त्यतिकै भ्रष्टाचार भइरहेको पनि पुरानो हो । शासक दलका प्रधानमन्त्रीहरू नेपालका नदीनालाबाट जलविद्युत् उत्पादन गर्ने र पेट्रोलियम पदार्थ आयात घटाउने साहस गर्दैनन् । नेकाका प्रधानमन्त्रीहरू नेपालले आफ्नो नदीनालामा जलविद्युत् उत्पादन गरे भारत सरकारलाई स्वीकार्य नहुने दाबी गर्छन् । एमालेका प्रधानमन्त्रीहरू नेपालले उत्पादन गरेको बिजुली भारत किन्न तयार नहुने हुँदा उत्पादनको अर्थ नहुने दाबी गर्छन् । नेपालको नदीनालाबाट बिजुली उत्पादन निर्यातको लागि होइन, नेपालीलाई सस्तोमा बाल्न, खाना पकाउन, उद्योग-व्यापार चलाउन हो । नेपालले बिजुली उत्पादन बढाएर रासायनिक मल कारखानासमेत स्थापना गर्नसक्थ्यो । तर, भारतदेखि डराएका शासक दलहरूले यसतर्फ ध्यान दिएनन् र कुर्सीमा रहिरहन आत्मघाती काम गरिरहे ।

नेपालका ५९ निजी ग्यास उद्योगले भारतको हल्डिया, मथुरा, पाराद्वीप, दुर्गापुर र बरौनीबाट ढुवानीमा वार्षिक ६ अर्ब रुपैयाँ बढी खर्च गर्छन् । सरकार वर्षको २०-२५ अर्ब रुपैयाँको रासायनिक मल आयात गर्छन् । झापामा मलका लागि महाभारत भइरहेको र सात बोरा मल ५० किसानबिच गोलाप्रथामा वितरण गरिएको सार्वजनिक भयो । यो देशभरिको प्रतिनिधि घटनामात्र हुन् । नेका, एमाले र माओवादीका प्रधानमन्त्रीहरूले रासायनिक मल कारखाना स्थापना गर्ने विषय ३५ वर्ष लगातार बोलिरहे तर कसैले पनि काम गरेनन् । यतिखेर नेपाली सेनाको साथ पाएको रास्वपाले गत फागुन २१ गतेको चुनावमा झन्डै दुईतिहाइ स्थान पाएर सरकार बनाएको साढे चार महिना पुग्यो । नेपाल आयल निगम, नेपाल टेलिकम, नेपाल विद्युत् प्राधिकरण, कृषि सामग्री संस्थान, बैङ्किङ संस्थाहरूलाई लयमा चलाउन सकेन । सबैतिर पुरानै चाल छ ।

काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिका-८ स्थित दुलालेश्वरका प्रोस्टेट रोगबाट पीडित व्यक्तिले आफ्नी क्यान्सर पीडित श्रीमतीलाई पिठ्युमा बोकेर सुनकोसीमा हामफालेर दुवै मृत्युवरण गरे । उपचार नपाएर मर्नुपरेका नेपालीको यो प्रतिनिधि घटनामात्र हो । के सरकार यो जिम्मेवारीबाट मुक्त हुन मिल्छ ? यतिखेर देशभरिका अस्पतालहरूमा स्वास्थ्य बीमाको रकम भुक्तानी नहुँदा बिरामीहरू उपचार नपाएर यसरी नै मृत्युवरण गर्दै छन् । के यसको जिम्मेवारी सरकारले लिनुपर्दैन ?


रास्वपा सरकार कतिपय विषयमा प्रदेश र स्थानीय सरकारले सहयोग नगरेको आरोप लगाउँदै छ । ठीक यहीबेला नेका, एमाले र माओवादी प्रदेश सरकार परिवर्तनको पक्ष विपक्षीमा तानातान गर्दै छन् । वाग्मती प्रदेश सरकार परिवर्तनको निर्णायक भूमिकामा रहेको राप्रपा आफ्ना सांसदलाई घात नगर्न सचेत गराउँदै छ । राजनीतिक दल एउटा वर्ग आधारअनुसारको राजनीतिक प्रतिबद्धतामा सञ्चालन नहुँदा अवसरवादीहरूलाई फाइदा पुगिरहेको छ ।

# भारतका युवाले यसरी तोडे मोदीको 'जादु'

✍ अपूर्वानन्द

भारतका शिक्षामन्त्री धर्मेन्द्र प्रधानलाई राजीनामा दिन बाध्य पारेपछि त्यहाँका युवाले हालैको आन्दोलन मत्थर भएकोजस्तो देखिन सक्छ । तर, यो ऐतिहासिक युवा विद्रोहको वास्तविक निसाना उनी थिएनन् । युवाका नारा, प्लेकार्ड, व्यङ्ग्यात्मक डिजिटल कला र सामूहिक आक्रोश केवल एक व्यक्तिप्रति लक्षित थिए- नरेन्द्र मोदी । बुद्धिजीवी वर्गमा एउटा व्यापक पूर्वाग्रह छ कि आजका भारतीय युवा राजनीतिप्रति उदासीन छन् र लोकतान्त्रिक मूल्य-मान्यताको क्षयप्रति उनीहरूलाई कुनै चासो छैन । जन्तरमन्तरका घटनाक्रमले यो धारणाको सतहीपनलाई छर्लङ्ग पारिदिएको छ ।

मोदी सरकारको शासन व्यवस्थाको प्रकृतिबारे युवामा कुनै भ्रम थिएन । उनीहरूले स्पष्ट रूपमा बुझेका थिए कि वर्तमान संवैधानिक संरचनामा कुनै पनि मन्त्रीसँग स्वतन्त्र निर्णय लिने वा काम गर्ने हैसियत हुँदैन । आजको भारतीय राज्यसत्ता एउटा मात्र अनुहार, एउटा मात्र आवाज सत्ताको केन्द्रमा सीमित छ- नरेन्द्र मोदी । तसर्थ, मन्त्रीको राजीनामा माग्नु कुनै प्रशासनिक माग थिएन, यो त स्वयं सर्वोच्च नेतालाई झुक्न बाध्य पार्ने एउटा सुनियोजित कदम थियो ।




हप्तौँदेखि हजारौँ युवाले कब्जा जमाएको मध्य दिल्लीको विरोधस्थल 'जन्तरमन्तर'मा हिँड्दा यो सत्यलाई नकार्न सकिँदैनथ्यो । यी युवाले हासिल गरेको उपलब्धि हाम्रो समयको 'स्थापित भाष्य वा मिथक भत्काउने' कार्यभन्दा कम थिएन । त्यहाँ ठुलो बजेटमा व्यावसायिक रूपमा छापिएका ब्यानर थिएनन् । विरोध प्रदर्शनको दृश्य शैली निर्धारण गर्ने वा टेलिभिजन क्यामेराका लागि एकै प्रकारका नारा बाँड्ने कुनै अगुवा सङ्गठन पनि त्यहाँ थिएन । कार्डबोर्डका टुक्रा, फालिएका कागज र सस्ता मार्कर पेन नै पर्याप्त थिए । प्रत्येक प्लेकार्डमा व्यक्तिगत नैतिक चेतनाको स्पष्ट र मौलिक छाप झल्किन्थ्यो ।

तैपनि, यो असाधारण विविधताका बाबजुद त्यहाँ विषयगत एकता भने अद्भूत थियो । सबै कुरा मोदीवरिपरि केन्द्रित थियो । प्रधानमन्त्रीको खिल्ली उडाइयो, व्यङ्ग्यात्मक चित्रण गरियो । १० वर्षभन्दा बढी समयदेखि उनको वरपर निर्माण गरिएको 'पवित्र छवि' वा विशेष आभालाई योजनाबद्ध रूपमा भत्काइयो । केही साताभित्रै यो पुस्ताले राज्यको सत्ताका एक प्रभावशाली व्यक्तिलाई सामूहिक हाँसोको पात्रमा परिणत गरिदियो । युवाहरू सबैभन्दा बढी सत्ताको अहङ्कारप्रति क्रुद्ध थिए । यो विद्रोह केवल भौतिक असन्तुष्टिबाट मात्र सिर्जित थिएन । यो गहिरो अपमानको भावनाबाट जन्मिएको थियो । यसको तत्कालको साङ्केतिक कारक भारतका प्रधानन्यायाधीशको असंवेदनशील टिप्पणी थियो । उनले सार्वजनिक रूपमा बेरोजगार युवालाई साङलोसँग तुलना गरेका थिए ।

न्यायपालिका संविधानको संरक्षकभन्दा पनि कार्यकारी शक्तिको एउटा विस्तारित अङ्गजस्तो देखिन थालेको भनी टिप्पणी भइरहेका बेला सत्तापक्षले आफ्नै युवापुस्ताप्रति राखेको अवहेलना वा तिरस्कारको अभिव्यक्तिका रूपमा व्याख्या गरियो । सिजेपीको पीडाबाट उत्पन्न व्यङ्ग्य थियो । एनइइटी (नीट) परीक्षामा भएका अनियमिततालाई लिएर सुरु भएको विवादले यस आन्दोलनलाई एउटा ठोस संस्थागत आधार प्रदान गऱ्यो । यो प्रकरण केवल एउटा परीक्षाका लागि मात्र नभई समग्र शासन-संस्कृतिका लागि जवाफदेहिताको माग गर्ने अवसर बन्यो ।

यसैबिच, सत्तापक्ष आफ्नै दम्भको सिकार भयो । उसले भारतीय समाज पूर्ण रूपमा व्यवस्थित छ भन्ने भ्रम पालेको थियो । मतदाता नामावलीमा हेरफेर गरेर चुनावी नतिजा आफ्नो पक्षमा पार्ने, दल-बदल गराएर संसद्मा बहुमत कायम राख्ने र राज्यका संस्थामाथि आफ्नो पकड बलियो बनाउने ध्याउन्नमा रहँदा उसले सतहमुनिको मौन आँधीलाई देख्न सकेन । जसका हातमा मञ्च, प्रतिष्ठा र जनमत निर्माण गर्ने शक्ति थियो, उनीहरू राष्ट्रिय गौरवको भव्य भाष्यको उत्सव मनाउनमै व्यस्त थिए ।

मूलधारका सञ्चारमाध्यम 'नयाँ भारत'को गुणगान गाउनमै तल्लीन थिए । प्रगतिका सबै बाटा बन्द भएको महसुस गरिरहेका युवातर्फ भने कसैको खासै ध्यान गएन । उनीहरूका चिन्ता र व्यग्रता ओझेलमा परे । किनभने, राज्य र उसका सहयोगी सञ्चारमाध्यमले उनीहरूलाई लोकतान्त्रिक दृष्टिकोणले गम्भीरतापूर्वक ध्यान दिनुपर्ने वर्गका रूपमा हेरेनन् ।

परम्परागत सार्वजनिक स्थलबाट वञ्चित भएपछि उनीहरूले आफ्नै मञ्च खडा गरे । उनीहरूका लागि स्मार्टफोन नै सार्वजनिक चोक बने । सामाजिक सञ्जालका मञ्च राजनीतिक सभा-सम्मेलनमा परिणत भए । र, व्यङ्ग्य उनीहरूको लोकतान्त्रिक अभिव्यक्तिको मुख्य माध्यम बन्यो । संस्थागत उदासीनताको परिवेशमा सोनम वाङचुकले जन्तरमन्तरमा अनशन सुरु गरे । सरकारको प्रारम्भिक प्रतिक्रिया उसको पुरानै मौनता थियो । वाङचुकको स्वास्थ्य बिग्रँदै जाँदा पनि उनको उपस्थितिलाई स्विकारसमेत नगर्ने सरकारको अडानले आक्रोश पैदा गऱ्यो । त्यसपछि उनलाई अनशनस्थलबाट बलपूर्वक हटाउने त्यो दुर्भाग्यपूर्ण निर्णय लिइयो ।

यो निर्णय सरकारको एउटा घातक गलत साबित भयो । युवाहरूले वाङचुकमाथि गरिएको व्यवहारलाई आफ्नै नागरिकतामाथिको अपमानका रूपमा लिए । उनीमाथि जे गरियो, त्यो आवाज उठाउने वा प्रतिरोध गर्ने जोकोहीमाथि गरिन सक्थ्यो । उनको अपमान युवाका लागि सामूहिक आक्रोश र विद्रोहको कारण बन्यो । यसको प्रतिक्रिया तत्काल देखियो । जन्तरमन्तरमा हजारौँ युवाको उपस्थिति देखियो ।

जब जुलाई २० मा युवाहरू संसद्तर्फ अघि बढे, राज्यले आफ्नो पुरानै शैली अपनायो, अवरोध खडा गर्ने, निषेधाज्ञा जारी गर्ने र हिंसात्मक दमन गर्ने । उसले यसअघि पनि किसान आन्दोलनविरुद्ध पनि तिनै कदम चालेको थियो । तर, यसपटक डरको मनोवैज्ञानिक संयन्त्रले काम गरेन । प्रहरी दमनले आन्दोलनकारीको मनोबल तोड्न सकेन, बरु उनीहरूको नैतिक अडानलाई अझ प्रस्ट बनायो ।

उनीहरूको सङ्घर्ष केवल नीतिगत परिवर्तन वा सामान्य प्रशासनिक सहुलियत प्राप्त गर्ने विषयमा मात्र सीमित थिएन । उनीहरू संस्थागत अहङ्कारलाई तोड्न अघि बढेका थिए । जब जुलाई २० मा दिल्ली प्रहरीले प्रदर्शनकारीमाथि जाइलाग्यो र क्रूरताका साथ युवालाई कुटपिट गऱ्यो, तब प्रदर्शनकारीले ती लाठीलाई केवल असंवेदनशील प्रहरी बलको साधनका रूपमा मात्र हेरेनन् । उनीहरूले त्यसलाई मोदीको राजनीतिक इच्छाशक्तिको प्रत्यक्ष अभिव्यक्तिका रूपमा बुझे । धेरैजना आफ्ना चोटलाई सम्मानको तक्माझैँ बोकेर जन्तरमन्तर फर्किए । कोही खाली खुट्टा नै फर्किए । उनीहरूका चोट पछि हट्ने कारण नभई नैतिक दृढताका प्रतीक बने ।

जब प्रधानमन्त्रीले सामाजिक सञ्जालमार्फत युवाहरूलाई 'साथीहरू' भन्दै प्रत्यक्ष रूपमा सम्बोधन गर्ने प्रयास गरे, त्यसको तत्काल र कडा प्रतिवाद आयो, 'हामी तपाईंका साथी होइनौँ ।' यो केवल एउटा चतुर नाराभन्दा बढी थियो, जसले 'अभिभावकत्वपूर्ण' सम्बन्धको मनोवैज्ञानिक पतनलाई उजागर गऱ्यो । वर्षौंदेखि मोदीले मध्यस्थता गर्ने संस्था र स्वतन्त्र सञ्चारमाध्यमलाई छलेर जनतासँग सीधै संवाद गर्ने प्रयास गर्दै आएका थिए । युवाहरूले त्यो नियोजित आत्मीयतालाई एकै वाक्यमा अस्वीकार गरिदिए । मोदीको सार्वजनिक छविमाथिको यो प्रहारले उनको सत्तालाई निर्वाचनमा हुने सामान्य हारले भन्दा धेरै गहिरो गरी हल्लाइदिएको देखिन्छ ।

***(लेखक दिल्ली विश्वविद्यालयका प्राध्यापक हुनुहुन्छ ।)***

# शिलु महादेव दर्शन र केही जिज्ञासा



पाठक पत्र

सामाजिक सञ्जालमा जीआर रञ्जितको नामबाट प्रेषित भएको शिलु महादेवसम्बन्धी पोस्टमा मेरो ध्यान आकर्षिक भएको छ । शिलु महादेव दर्शन गर्न खुला गरिएको सम्बन्धी मलाई लागेका केही जिज्ञासा सम्बन्धित निकाय वा समितिबाट प्रस्ट गरिदिने विश्वास लिएको छु ।

सर्वप्रथम मठ, मन्दिर र सम्पदाले भरिपूर्ण भक्तपुर सहरमा साउन महिना अवधिभर शिलु महादेव दर्शन गर्ने अवसर प्राप्त भएकोमा मलगायत सम्पूर्ण भक्तजन खुसी छौँ । तथापि, केही गुनासाहरू पनि सुनिएका छन् ।

- वडा समितिबाट व्यवस्थापन समिति गठन गर्नुभन्दा अगाडि गठन भएको समितिलाई काम गर्न दिइएन भन्ने कुरा साँचो हो भने नगरपालिकाले ठीक काम गरेको मान्नुपर्छ किनकि शिलु महादेव कुनै २/४ जना व्यक्तिको पेवा होइन ।
- शिलु महादेवमा प्रत्येक सोमबार रुद्री गर्न १२/१४ जना पुरोहित आवश्यक हो कि होइन ? हो भने दक्षिणा एवम् आर्थिक भार कसरी व्यवस्थापन हुन्छ ?
- भक्तजनबाट चढाइएको दक्षिणा कोषमा जम्मा हुन्छ कि मन्त्री र सांसदहरूलाई होटलमा लगेर जलपान गराउन खर्च गरिन्छ ?
- स्थानीयबाट मन्दिर परिसरमा भजन किर्तन गर्नु राम्रो हो । तर, निश्चित समयको व्यवस्थापन गर्नु अझ उपयुक्त हुन्छ ।
- लाय्कु दरबार क्षेत्रमा कुनै सांस्कृतिक गतिविधि गर्न नगरपालिकाको अनुमति आवश्यक छ कि छैन ? छ भने बिच बाटोमा नृत्याङ्गनाहरू ल्याएर नाचगान गराउन मिल्छ कि मिल्दैन ?
- व्यवस्थापन समितिका सचिवको तर्फबाट सामाजिक सञ्जालमा आएका फोटो, भिडियो तथा अन्य पोस्टहरू समितिको आधिकारिक हो कि होइन ?

***- गणेशराम, बालाखु***

# भू-दासहरूको पहिलो बाली

● अन्ना लुइस स्ट्रङ

*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ । ‘चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको’, ‘चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको’, ‘तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको’ जस्ता समाचार उनीहरू प्रचार गर्छन् । के साँच्चै ‘स्वतन्त्र’ तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक ‘When Serfs Stood Up in Tibet’ मा पाउन सकिन्छ । यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो ।)*

“विगतमा हामी पशुभन्दा पनि नराम्रो जीवन जिउँथ्यौँ । अहिले हामी उठेका छौँ । विगतमा हामी झुत्रो लुगा लगाउँथ्यौँ, अहिले हामीले राम्रा लुगाहरू पाएका छौँ । विगतमा हामी नानसामहरू गधाहरूसँगै सुत्थ्यौँ अहिले मालिकको घरमा बस्छौँ ।” तिनका बाबु एक दास थिए र मालिकको घोडाको हेरचाह गर्थे । बाबु जिउँदै थिए र आमा बितिसकेकी थिइन् । तिनका एक दाइ र दुई बहिनीहरू थिए । तिनी १० वर्षकी हुँदै याक चराउँथिन् । १६ वर्ष पुग्दा तिनी घरेलु दास भइन् । मालिकको निम्ति पानी ओसार्ने, चिया र खाना बनाउँथिन् । हरेक महिना ४३ पाउ साम्बा खाना पाउँथिन्, अलिकति नून र घ्यू पाउँथिन् । जुत्ता र लुगाको निम्ति भोकै बस्नुपर्दथ्यो ।

त्यस जवान महिलाको अध्यक्षतामा त्यहाँ जग्गा बाँड्ने कार्य भएको थियो । पहिलो १७ केस (३ एकड) जग्गा नयाँ प्राथमिक विद्यालयको लागि छुट्याइयो । त्यसपछि ८० केस (१३.६ एकड) जग्गा विद्रोहमा भाग लिएका तर फर्किन सक्ने किसानहरूका लागि छुट्याइयो । ती जग्गा सबैमा हाललाई किसान सङ्गठनले खेतीपाती गर्ने निधो गऱ्यो । बाँकी जग्गा भूतपूर्व भूदासहरूका लागि तिनीहरूको आफ्नो स्वामित्व हुने गरी बाँडियो । प्रतिव्यक्ति सालाखाला ३.५ केस, २-३ एकड प्रतिपरिवार जग्गा हुन गयो । घरेलु दास नानसामहरूले पनि त्यतिकै हिस्सा जग्गा पाए तर तिनीहरूको जग्गा मालिकको स्वामित्वको जग्गाबाट बाँडिएकोले राम्रो जग्गा पाए । परिवारको प्रयोगको लागि जग्गा पाउन मालिककहाँ बिनाज्याला पूरा समय काम गर्ने ३६ जना मोही वा साइबा परिवारका सदस्यहरूलाई बेठ-बेगारी वा उला (Ula) श्रमबाट स्वतन्त्र गरियो ।

गधाको गोठमा सुत्ने नानसामहरू अब घरमा सरे । मालिकको घरमा हरेक एक परिवारलाई एउटा एउटा कोठा दिइयो । पहिलेका मालिकका घरपालुवा पशुहरू, सामग्रीहरू तथा काठका सामानहरू नानसामहरूलाई बाँडियो ।

प्राथमिक विद्यालय निर्माण भइसकेको थियो । त्यहाँ २१ जना विद्यार्थी थिए र प्रौढहरूका लागि चलाइएको रात्रि कक्षामा ६० जना मानिस थिए ।

टाकुन तिब्बतको न्यानो ठाउँ हो । त्यहाँका धेरैजसो जग्गा १०,००० फीटभन्दा कम उचाइको छ । त्यसैले त्यहाँको माटोमा राम्रो बाली हुन्छ । फलफूलका रुखहरू बढेर ठुल्ठुला राम्रा काठ हुन्थ्यो, गाउँहरूमा राम्रो खेतीपाती हुने बाक्ला जङ्गलहरूबाट पाइने काठ टाकुनबाट नै ल्हासामा जान्थ्यो । टाकुनका केही जग्गा २-३ हजार फीटभन्दा कम उचाइमा उपत्यकाजस्तै सतहमा छन् । त्यहाँ यातायात र सञ्चारको सुविधा छैन किनभने टाकुनमा पुग्न गाहो छ ।

त्यहाँको खेतीयोग्य जग्गा ३३,००० एकड लोकाभन्दा पाँच भागको एक भागमात्रै छ । त्यहाँको बाली साधारणत: तिब्बतको अन्य धेरैजसो भागमा भन्दा राम्रो छ । प्रतिएकड जग्गामा १८-२० बुसेल फल्छ । त्यो वर्ष बाली ३० बुसेलसम्म बढ्यो । कारण लोकामा जस्तै यहाँ पनि भूतपूर्व भूदासहरूले लगाएको बाली आफैले पाउने थाहा पाए । विद्रोह हुनुभन्दा २-३ हप्ताअघि नै बीउ छरे । विद्रोह दबाइएपछि तिनीहरूले बाली धेरै पटक गोडमेल गरे र पानी हाले । पहिला तिनीहरूले यसरी स्याहार गर्ने समय नै पाउँदैनथे ।

सिन्ह्वा समाचार संस्थाका चाओ ची ली (Chao Chi li) ले बताएअनुसार ल्हासा-चाम्दो राजमार्ग टाकुनको उत्तरी किनार भएर गएको हुँदा खम्पाहरू विद्रोहको सुरुआतका लागि तिब्बत आउँदा टाकुनको उत्तरी क्षेत्रमा बसेका थिए । तिनीहरूले ल्हासामा विद्रोह छेड्नुअघि वर्षभरि नै टाकुनका मानिसहरूलाई लुटे र ध्वस्त पारे । केही खम्पाहरू लोकाको प्रमुख आधार शिविरबाट मुख्य हाँगाका रूपमा टाकुनमा बसेका थिए । त्यसैले टाकुनका किसानहरूले यी विद्रोहीहरूलाई समात्न जनमुक्ति सेनालाई मद्दत गरे । टाकुनका विद्रोहीहरू छिट्टै कुटिए, तिनीहरू लोकामा भागे र केही लोका विद्रोहीसँग भारतमा भागे ।

टाकुनका किसानहरूका अनुसार यस्तो राम्रो बाली पहिला कहिल्यै आउँदैनथ्यो; दसमा नौ पटक बाली राम्रो हुँदैन । तर, अहिले हामी उठेका छौँ र बाली पनि राम्रो भएको छ ।

पहिला सबै बाली जमिनदारको भण्डारमा लिइन्थ्यो । तिनका दलालहरू बालीको निरीक्षण गर्दथे । बालीको आधा भाग कुनै पनि हिसाबले जग्गा प्रयोग गरेबापत मालिकलाई तिर्नुपर्थ्यो, बाँकीमा पनि अधिकांश तिनको ऋण तिर्दैमा सकिन्थ्यो । घरेलु दास, नानसामले काम गरेको खेतको सबै बाली स्वत: मालिककै हुन्थ्यो । यो वर्ष तिनीहरूले ठुलो बाली पाएपछि तिनीहरू बाली कहाँ राख्ने भन्ने समस्यामा थिए । तिनीहरूले पहिला कहिल्यै बाली भण्डार गरेका थिएनन् । केहीले आफ्नो सानो घरमा बाली भित्र्याए भने केही अन्न राख्नको लागि बाँसको कटेरा बनाउनतिर लागे ।

तिनीहरू कसैले पनि पहिले अन्न बेचेका थिएनन् । त्यसैले अन्न बेच्नेबारेमा कसैले सोचेनन्, तिनीहरूसँग खानकै लागि पुग्दो अन्न थिएन । टाकुनमा जग्गा वितरण गर्दा साझा अन्न भण्डार बनाउनेबारेमा पनि सोच्नुपर्ने चाओ बताउँछन् । समयसँगै किसानहरू बढी भएको अन्न अन्य आवश्यक सामानहरू किन्नका लागि बेच्नेबारेमा सोच्नेछन् ।

किसानहरू बाली काट्दाकाट्दै गीत गाइरहेका र हाँसिरहेका थिए । सेप्टेम्बरको पहिलो हप्तामा ल्हासामा तीनदिने पर्व आउँछ । यसलाई ‘बाली भित्र्याउने चाड’ (Harvest festival) भनिन्छ । तर, त्यो चाड बाली काटिसकेपछि नभई ल्हासामा बाली काट्नुभन्दा अघि नै सुरु हुन्छ । पाँचौँ दलाइ लामा पेचिङबाट फर्किसकेपछि तीन शताब्दीअघि त्यस चाडको समय तोकेका थिए । त्यसबेला छिङ सम्राटले तिनलाई ‘दलाइ लामा, बुद्धको पश्चिमी क्षेत्रका कानुनी राजा, पृथ्वीका ईश्वरको आत्मा, सबैले चिनेका, सम्राट वंशमा बज्रपात पर्दा सम्हाल्ने व्यक्ति’ को पदवी दिएका थिए र तिब्बतका ‘जातिहरूको एकीकरण’ गर्ने जिम्मा सुम्पेका थिए । तसर्थ, पाँचौँ दलाइ लामाले ‘बाली भित्र्याउने चाड’ का समय निर्धारण ऐतिहासिक तथ्यका आधारमा गरेका थिएनन् । तर, त्यो समय मठहरूका लागि बालीको निरीक्षण गर्न तथा कति बाली सङ्कलन गर्ने भन्ने निर्णय गर्न उत्तम थियो ।


नयाँ लुगामा सजिएकी केटीहरु जौको रक्सी बाँड्दै

तिब्बतको इतिहासमा पहिलो पटक दरबारमा सर्वसाधारणलाई त्यसैबेलादेखि छिर्न दिइएको थियो । त्यस चाडमा मठहरूमा भक्तहरूले धर्मशास्त्रहरू पढ्थे र घेरुवाहरू बाल्थे । रत्न बगैँचामा ठुलो वनभोजको आयोजना हुन्थ्यो । युवाहरू पुराना लोकगीतहरू गाउँथे र नाच्थे भने बुढापाकाहरू तेह्रौँ दलाइ लामाको पुरानो दरबारको महिमा गाउँथे, वर्तमान दलाइ लामाले निर्माण गरेको नयाँ दरबार र ‘स्वर्गीय डुङ्गा’ अवलोकन गर्थे ।

पछिल्ला दिनहरूमा ल्हासाको पश्चिमी गाउँका किसानहरूले चाड हेर्नका लागि केही प्रतिनिधिहरूलाई बोलाए । तिनीहरूले बाली काट्ने सुरुआत र ‘तीन कुराहरूको उन्मूलन’ को समापन दुवैको खुसीयाली मनाउन निमन्त्रणा गरे ।

बिहानको खाना खाइसकेपछि हामीले सहर छोड्यौँ र ड्रिपुङ मठभन्दा केही माइल पश्चिममा हिँड्यौँ । फराकिलो हरियो घाँसे मैदानमा सयौँ मानिसहरू भुइँमा बसिरहेका थिए । हामी त्यहाँ पुग्दा बैठक सकिएको थियो । किसान सङ्घका धेरैजना सदस्यहरूले हामीलाई त्यहाँ स्वागत गरे तथा एउटा पालमा हामीलाई बसाए । बताइएअनुसार ती पालहरू विद्रोही खान्दानीहरूका ‘बिदा मनाउने ठाउँ’ (Holiday pavilion) थियो अहिले त्यसलाई किसान सङ्गठनले चाडको लागि लिएको हो ।

पूरै भीड विभिन्न रङ्गहरूका लुगा र शृङ्गारमा सजिएको थियो । किसानहरू सबभन्दा राम्रा लुगा लगाएर आएका थिए । केटीहरू पनि उत्तिकै राम्रो लुगामा सिङ्गारिएका थिए तथा जौको रक्सी र घ्यू चिया प्राचीन शैलीमा टक्राइरहेका थिए । आधा मानिसहरू घ्यूको चिया वा जौको रक्सी खाइरहेका थिए र आधा मानिसहरू ड्रम बजाउँदै पताका बोकेर, माओ त्सेतुङ (Mao Tse-tung) र लिउ शाओचिका ठुलठुला तस्बिरहरू बोकेर पहाडहरूमा लामो प्रदर्शन गर्दै थिए ।

ल्हासाको पश्चिमी उपनगरको पार्टी समिति सदस्य काओ तुङ चुयन (Kao Tong-Chuan) का अनुसार तिब्बतको ठुलो गाउँ नानगाओसी (Nangawosi) का दुई हजार मानिसहरूले यसको आयोजना गरेका थिए । नानगाओसी गाउँमा झण्डै १७ वटा जमिनदारीका मानिस संलग्न थिए । बिहानको बैठकले ‘तीन कुराको उन्मूलन’ सफल भएको निचोड निकाल्यो । खेतमा बाली निरीक्षण गरी सबैभन्दा राम्रो बालीलाई पुरस्कार दिइने व्यवस्था थियो । माओ त्सेतुङ र लिउ शाओचिका तस्बिरहरू किन बोकेका भनेर मैले सोधेँ । काओले बताए, “यो स्थानीय समितिले चाडलाई अझ चाखलाग्दो बनाउनको लागि गरेको हो । तीन सय वर्षदेखि तिनीहरू ईश्वरको तस्बिर बोकेर यसरी नै खेतहरू डुल्थे तर यो वर्ष तिनीहरूले अध्यक्ष माओ र लिउका तस्बिरहरू बोक्नु रमाइलो हुने विचार गरे ।”

काओका अनुसार यहाँ सान फान कार्यक्रम अन्ततिर आइपुगेकोले चाडपर्वमा त्यसको अन्तिम प्रतिवेदन तयार गर्नुपर्नेछ । दसवटा बैठक बस्यो र ३३ जना मानिस - राज्यको प्रतिनिधि सचिव, विद्रोहका नाइकेहरू र ड्रिपुङका केही माथिल्ला लामाहरूमाथि आरोपहरू आएका थिए । सान फान कार्यक्रमको महत्त्वबारे प्रस्ट पार्दै काओले बताए, “यसको उद्देश्य जनतालाई दासप्रथाको कुकृत्यहरूबारेमा सचेत पार्नु हो । यसबाट तिनीहरूले आफूले भोगेका दु:ख-पीडामात्र सम्झदैनन् साथमा त्यस दुष्ट प्रणालीमा रहेको यसका स्रोतहरूबारेमा पनि थाहा पाउनेछन् । तिनीहरूलाई अब आफ्नो जग्गाको मालिक आफै भएको र भूतपूर्व मालिकबाट डराउन नपर्ने तथा मालिकका कुरामा हो मा हो मिलाउन नपर्ने कुरा थाहा दिनु र तिनीहरूको भविष्य निर्माणको जिम्मेवारी बोक्न सक्षम बनाउनु पनि यसको उद्देश्य हो । एउटा अर्को उद्देश्य भनेको समुदायमा व्याप्त रहेको ठुलो मात्राको ऋण, सामन्ती ऋणको अन्त गर्नु पनि हो ।”

अभियोग लागेकाहरूलाई के गरिन्छ भन्ने मेरो प्रश्नमा काओले अभियुक्तहरूको भाग्य तिनीहरूको आफ्नो हातमा भएको बताए । “किसान भेलाले तिनीहरूलाई आरोप लगाए पनि निर्णय वा सजाय तोक्न सक्दैन । किसानहरूका आरोपहरू अदालतमा चलानी गर्नेछ र अदालतले यसको निर्णय गर्नेछ । यदि अभियुक्तले आफ्नो आरोप स्वीकारेर पश्चाताप गरेमा तिनीहरू आफ्नो घर फर्कन सक्नेछन् । यदि तिनीहरू अटेर गरेमा कारागारमा फर्कनेछन् ।”

घोडा दौड सुरु भयो । पचास जना घोडचढीहरूले आफ्नो प्रतिभा देखाए । घोडा दौडसँगै नाचहरू पनि देखाए ।

अन्तमा, हामी ती घोडचढी तथा नर्तकीहरूलाई पुरस्कार दिने समारोहमा पुग्यौँ । केही उत्कृष्टलाई मात्र नभई घोडा दौड र नृत्यमा भाग लिने सबैलाई सम्मान सूचक उपहार खादा दिइयो ।

खादा थापिसकेपछि एकजना घोडचढीले समारोही दोसल्ला मेरो हातमा राखिदिए । भीडले यसको ताली बजाएर स्वागत गरे । क्रमश: पाँचै जना बाँकी घोडचढीले पनि आफ्नो खादा मेरो काँधमा राखिदिए ।

एकजना बुढी किसान मेरो नजिक आएर मेरो चिउँदो छोएर मेरो उमेर सोधे । मैले ७३ वर्ष पुगेको बताएँ । सबैजनाले मेरो उमेरलाई सम्मान गरे ।

एकजना आइमाईले टिप्पणी गरिन्, “यो धेरै राम्रो कुरा हो । तपाईंजस्तो उमेर पुगेकी स्वास्नीमानिस हाम्रो चाडपर्व र हाम्रो सुधारलाई हेर्न यहाँ आउनुभएको छ ।”

त्यहाँ मेरो उपस्थिति र प्रस्तुतिको कारण उत्सवले शिखर चुम्यो । दुई महिनाभन्दा कम समयअघि मात्रै दासत्वबाट मुक्त भएका ती किसानहरू आफ्नो भविष्य निर्माणका लागि पूर्णत: सचेत भए । साथमा तिनीहरूका कार्यहरू विश्वमै ऐतिहासिक भएको छ ।

***स्रोत : तिब्बतका भू-दासहरू उठ्दा***


बाली भित्र्याउने उत्सवमा घोडचढीहरु

# थाइल्यान्डको स्कूलमा गोली हानाहान आठ जनाको मृत्यु, १५ घाइते



बैङ्कक, ७ अगस्ट (एएफपी)। थाइल्यान्डको राजधानी बैङ्कककाे उत्तरी क्षेत्रमा अवस्थित एक स्कूलमा शुक्रबार भएको गोली हानाहानमा कम्तिमा आठ जनाको मृत्यु भएको पुष्टि गर्दै अन्य १५ जना विद्यार्थी घाइते भएको आन्तरिक उप मन्त्री पोलापी सुवुन्चवीले बताउनुभएको छ।

नोन्थाबुरी प्रान्तको उक्त विद्यालयमा भएको आक्रमणमा आक्रमणकारीका हजुरबुवा, हजुरआमा र पाँच जना शिक्षकको मृत्यु भएको मन्त्री पोलापी सुवुन्चवीले स्थानीय प्रसारणकर्ता थाई पिबिएसलाई बताउनुभएको छ।

अधिकारीहरूलाई उद्धृत गर्दै गरिएको स्थानीय मिडिया रिपोर्टका अनुसार बन्दुकधारीलाई किशोर अवस्थाका विद्यार्थीका रूपमा पहिचान गरिएको थियो घटनामा भने उनको मृत्यु भएको पनि रिपोर्ट गरिएको थियो।

केही रिपोर्टहरूले प्रहरी अधिकारीहरूले संदिग्धलाई गोली हानेर मारेको पनि बताएका छन् भने कतिपयले आत्महत्या गरेको पनि उल्लेख गरेका छन्।

प्रधानमन्त्री अनुतिन चार्नविराकुलले बैङ्ककको सरकारी निवासमा आयोजित पत्रकार सम्मेलनमा यो निकै भयानक घटना भएको र यस्तो कहिल्यै हुनु नहुने बताउनुभएको छ।

पोलापीले संदिग्ध विद्यार्थीले हाते बन्दुक प्रयोग गरेर घटना घटाएको जनाउँदै विद्यार्थीले यो कसरी प्राप्त गरे भन्नेबारे आन्तरिक मन्त्रालयले अनुसन्धान गरिरहेको बताउनुभएको छ। स्थानीय मिडियाले प्रकाशित गरेको तस्बिरहरूमा संदिग्ध विद्यार्थीले बैजनी रङको स्कूलको ड्रेस लगाएको र कालो ब्याग बोकेको देखिन्छ, जसमा जमिनमा धेरै गोलीका दागहरू देखिन्छन्।

थाइल्यान्डमा यस क्षेत्रमा बन्दुकको स्वामित्वको उच्चतम दरमा रहेको जनाइएको छ भने लगभग एक करोड बन्दुकहरू प्रचलनमा रहेको अनुमान गरिएको छ।

# ब्राजिलको भोपास विमान दुर्घटनामा १६ जनाविरुद्ध अभियोग

साओ पाउलो, ७ अगस्ट (एपी)। ब्राजिलको सङ्घीय प्रहरीले सन् २०२४ मा ६२ जनाको ज्यान गएको भोपास विमान दुर्घटनामा एयरलाइनका मालिकसहित १६ जना वर्तमान तथा पूर्व कर्मचारीविरुद्ध औपचारिक अभियोग दर्ता गरेको छ। दुई वर्ष लामो अनुसन्धानपछि प्रहरीले व्यवस्थापकीय लापरबाही, मर्मतसम्बन्धी कमजोरी, प्रमाण लुकाउने प्रयास र सुरक्षा मापदण्ड उल्लङ्घनले दुर्घटना निम्तिएको निष्कर्ष सार्वजनिक गरेको हो।

अभियुक्तमध्ये भोपासका मालिक तथा अध्यक्ष जोसे लुइज फेलिसियो फिल्हो पनि छन्। अब स्थानीय सरकारी वकिलहरूले उनीहरूविरुद्ध औपचारिक मुद्दा चलाउने वा नचलाउने निर्णय गर्नेछन्।

सङ्घीय प्रहरीले १५ जना वर्तमान तथा पूर्व कर्मचारीमाथि हवाई यातायात सुरक्षालाई जोखिममा पारेको आरोप लगाएको छ। दोषी ठहरिए उनीहरूलाई १२ वर्षसम्म कैद सजाय हुनसक्ने जनाइएको छ। केही अभियुक्तमाथि विमानको लगबुकबाट प्राविधिक खराबीसम्बन्धी विवरण हटाएको थप आरोप पनि लगाइएको छ।

यो दुर्घटना सन् २०२४ अगस्ट ९ मा भएको थियो। पाराना राज्यको क्यास्काबेलबाट ग्वारुल्होस अन्तर्राष्ट्रिय विमानस्थलतर्फ उडिरहेको एटीआर-७२-५०० टर्बोप्रप विमान साओ पाउलो नजिकैको भिन्हेडो नगरमा खस्दा विमानमा सवार सबै ६२ जनाको मृत्यु भएको थियो।

अनुसन्धानका क्रममा विमानको डाटा रेकर्डरबाट डि-आइसिङ प्रणाली १३६ वटा उडानमा पटक-पटक असफल भएको वा म्यानुअल रूपमा सञ्चालन गरिएको तथ्य फेला परेको प्रहरीले जनाएको छ। अनुसन्धानकर्ता आन्द्रे रिबेरोका अनुसार दुर्घटनाकै दिन पनि अघिल्ला तीन उडानमा यही प्रणालीमा समस्या देखिए पनि विमानलाई गम्भीर हिमपातको जोखिमयुक्त मौसममा उड्न अनुमति दिइएको थियो।

उहाँले यो घटनाले ब्राजिलको हवाई सुरक्षा प्रणालीमा गम्भीर प्रश्न उठाएको बताउँदै नागरिक उड्डयन नियामक एएनएसीको भूमिकाबारे पनि थप अनुसन्धान गर्न अभियोजकहरूलाई सिफारिस गरिएको जानकारी दिनुभयो।

पीडित परिवारका कानुनी प्रतिनिधि थालेस एन्ड्रेडेले दुर्घटनामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जिम्मेवार सबै व्यक्ति र संस्थाविरुद्ध क्षतिपूर्तिको दाबी गरिने बताउनुभयो। उहाँले सञ्चालन, व्यवस्थापन र टिकट बिक्रीसँग सम्बन्धित सबै जिम्मेवार पक्षलाई कानुनी दायरामा ल्याइने स्पष्ट पार्नुभयो।

सङ्घीय प्रहरीको निष्कर्षअनुसार जानाजानी गरिएको लापरवाही, अनुचित मर्मत अभ्यास र संस्थागत असफलताले प्रतिकूल मौसममा विमान सञ्चालन गर्न प्रत्यक्ष योगदान पुऱ्याएको थियो। गत महिना ब्राजिलको वायु सेनाले पनि गम्भीर आइसिङ अवस्था, यान्त्रिक प्रणालीको खराबी र पाइलटको कार्यगत विचलनको संयुक्त प्रभावले सन् २००७ यताकै देशको सबैभन्दा घातक हवाई दुर्घटना भएको पुष्टि गरेको थियो।

# गाजामा अक्टोबरदेखि तीन सय बालबालिकाको मृत्यु : युनिसेफ

न्युयोर्क २२ साउन (क्युएनए)। संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) ले गत अक्टोबरमा युद्धविराम लागू भएदेखिका ३०० दिनमा गाजापट्टीमा कम्तीमा ३०० बालबालिकाको मृत्यु भएको रिपोर्ट गरेको छ।

मध्यपूर्व र उत्तर अफ्रिकाका लागि युनिसेफका क्षेत्रीय निर्देशक एडवर्ड बेगबेडरले युद्धविराम चलिरहेको समयमा पनि हरेक दिन औसतमा एकजना बच्चाको ज्यान गएको बताउँदै उहाँले अन्य सयौं बालबालिका घाइते भएको बताउनुभयो।

घाइतेमध्ये धेरै गम्भीर अवस्थामा रहेको उल्लेख गर्दै उहाँले गाजाका बालबालिकाहरू अझै पनि हिंसा अन्त्यको प्रतीक्षामा रहेको बताउनुभयो।

युनिसेफका अनुसार परिवारहरू हाल गाजापट्टीको करिब एकतिहाइ भू-भागमा सीमित रहँदै क्षतिग्रस्त भवनहरू, भग्नावशेष र ठोस फोहोर जम्मा भएर असुरक्षित भएका स्थानमा बाँचिरहेका छन्।

गाजापट्टीभरि बालबालिकाहरूले तीव्र कुपोषण, रोग, असुरक्षित पिउने पानी र क्षतिग्रस्त सरसफाइ प्रणालीको सामना गर्न बाध्य भएको जनाइएको छ।

युनिसेफले सबै सम्बन्धित पक्षहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानून र अन्तर्राष्ट्रिय कानूनअन्तर्गत आफ्ना दायित्वहरू कायम राख्न आह्वान गरेको छ।

एजेन्सीले बालबालिकाको सुरक्षा गर्न, स्वास्थ्य सेवा, शिक्षा, सुरक्षित पिउने पानी र खाना लगायत आवश्यक वस्तु र सेवाहरूमा उनीहरूको पहुँच सुनिश्चित गर्न र समस्यामा परेका बालबालिकाहरूलाई सुरक्षित, द्रुत र निर्बाध मानवीय पहुँचको सुविधा प्रदान गर्नुपर्नेमा जोड दिएको छ।

# जन्म पर्यटनविरुद्ध ट्रम्पको नयाँ आदेश

वासिङ्टन, ७ अगस्ट (एएफपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जन्मसिद्ध नागरिकताको दायरालाई थप सीमित गर्ने आफ्नो अभियानलाई अघि बढाउँदै पर्यटनको उद्देश्यमा अमेरिका प्रवेश गरी सन्तान जन्माएर नागरिकता प्राप्त गर्ने अभ्यास (जन्म पर्यटन) लाई लक्षित गरिएको नयाँ कार्यकारी आदेशमा बिहीबार हस्ताक्षर गरेका छन्। अमेरिकी सर्वोच्च अदालतले यसअघि उनको जन्मसिद्ध नागरिकतासम्बन्धी आदेशलाई असंवैधानिक ठहर गर्दै कार्यान्वयनमा रोक लगाएपछि ट्रम्प प्रशासनले नयाँ स्वरूपमा नीति अघि सारेको हो।

राष्ट्रपति ट्रम्पका वरिष्ठ सल्लाहकार स्टिफन मिलरका अनुसार नयाँ आदेशको उद्देश्य जन्मसिद्ध नागरिकताको अधिकारलाई थप सीमित गर्नु हो। उनले विदेशी आतङ्कवादी सङ्गठनसँग आबद्ध व्यक्तिका सन्तान, विदेशी सरकारको तर्फबाट लबिङ गर्ने वा काम गर्ने व्यक्तिका सन्तानलगायत केही श्रेणीका व्यक्तिलाई यस व्यवस्थाबाट बाहिर राख्ने लक्ष्य रहेको बताए। यसबाट हालसम्म गलत रूपमा जन्मसिद्ध नागरिकताको सुविधा पाउँदै आएका ठूलो सङ्ख्याका व्यक्तिहरू भविष्यमा त्यसका लागि योग्य नहुने उनको दाबी छ।

यसअघि ट्रम्प प्रशासनले जारी गरेको अर्को कार्यकारी आदेशमा अमेरिकामा अवैध रूपमा बसोबास गरिरहेका वा अस्थायी भिसामा रहेका अभिभावकबाट जन्मिएका बालबालिकाले स्वतः अमेरिकी नागरिकता नपाउने व्यवस्था गर्न खोजिएको थियो। तर, तल्लो अदालतले अमेरिकी संविधानको १४ औं संशोधनको नागरिकतासम्बन्धी व्यवस्थाको आधारमा उक्त आदेश कार्यान्वयनमा रोक लगाएको थियो। अदालतले अमेरिकी भूमिमा जन्मिएका अधिकांश व्यक्तिले जन्मसिद्ध नागरिकता पाउने संवैधानिक अधिकार रहेको स्पष्ट पारेको थियो।

त्यसपछि सर्वोच्च अदालतले पनि तल्लो अदालतको निर्णयलाई सदर गरेको थियो। प्रधानन्यायाधीश जोन रोबर्ट्सले लेख्नुभएको बहुमतको रायमा दुई जना रूढीवादी र तीन जना उदारवादी न्यायाधीशले समर्थन जनाउनुभएको थियो। अमेरिकी संविधानको १४ औं संशोधनमा "संयुक्त राज्य अमेरिकामा जन्मेका वा कानुनी रूपमा प्राकृतिककरण भएका तथा अमेरिकी क्षेत्राधिकारअन्तर्गत रहेका सबै व्यक्ति संयुक्त राज्यका नागरिक हुनेछन्" भन्ने व्यवस्था छ।

यद्यपि, उक्त व्यवस्था विदेशी कूटनीतिज्ञका सन्तानजस्ता अमेरिकी क्षेत्राधिकारअन्तर्गत नपर्ने व्यक्तिमा लागू नहुने कानुनी प्रावधान छ। साथै अमेरिकी अध्यागमन कानुनअनुसार कुनै व्यक्तिले मुख्य उद्देश्य सन्तान जन्माएर नागरिकता दिलाउने नियतले अमेरिका यात्रा गर्न लागेको ठहरिएमा कन्सुलर अधिकारीले भिसा अस्वीकार गर्न सक्ने व्यवस्था पनि विद्यमान छ।

ट्रम्प प्रशासनले १४ औं संशोधन सन् १८६१-१८६५ को गृहयुद्धपछि पूर्वदासहरूको नागरिकताको अधिकार सुनिश्चित गर्न ल्याइएको तर्क गर्दै त्यसको उद्देश्य कागजातविहीन आप्रवासी वा अस्थायी आगन्तुकका सन्तानलाई जन्मसिद्ध नागरिकता प्रदान गर्नु नभएको जिकिर गर्दै आएको छ। प्रशासनले अमेरिकामा अवैध रूपमा रहेका वा अस्थायी भिसामा प्रवेश गरेका व्यक्तिहरू अमेरिकी संविधानले उल्लेख गरेको 'क्षेत्राधिकारको अधीनमा' नपर्ने व्याख्या गर्दै आएको छ।

जन्मसिद्ध नागरिकतामाथि नियन्त्रण गर्ने ट्रम्प प्रशासनको पछिल्लो प्रयासलाई त्यसको कडा आप्रवासन नीतिको निरन्तरता मानिएको छ। उक्त अभियानअन्तर्गत लाखौं कागजातविहीन आप्रवासीलाई निष्कासन गर्ने, विभिन्न देशका नागरिकलाई दिइँदै आएको निर्वासन सुरक्षा हटाउने तथा आप्रवासन प्रणालीलाई थप कडा बनाउने नीति अघि बढाइएको छ।

# आयोत्जिनापा मुद्दामा विद्यार्थी बेपत्ता गर्न सघाएका पूर्वगभर्नर पक्राउ

मेक्सिको सिटी, ७ अगस्ट (एएफपी)। मेक्सिकोमा सन् २०१४ मा ४३ जना विद्यार्थी बेपत्ता भएको चर्चित आयोत्जिनापा प्रकरणमा प्रमाण लुकाउने र अनुसन्धानलाई प्रभावित पार्ने आरोपमा तत्कालीन ग्युरेरो राज्यका पूर्वगभर्नर एन्जेल अगुइरे पक्राउ पर्नुभएको छ। यो घटनालाई मेक्सिकोको भ्रष्टाचार, दण्डहीनता र जबरजस्ती बेपत्ता पार्ने प्रवृत्तिको सबैभन्दा प्रतीकात्मक घटनामध्ये एक मानिन्छ।

सामान्य अभियोजक अर्नेस्टिना गोडोयका अनुसार अगुइरेले सरकारी कर्मचारी र उच्च तहका राज्य अधिकारीहरूको संलग्नतामा घटनासम्बन्धी प्रमाण लुकाउन निर्देशन दिनुभएको थियो। उहाँले उक्त कार्य कुनै व्यक्तिगत निर्णय नभई राज्य कार्यकारी तहबाट योजनाबद्ध रूपमा सञ्चालन गरिएको ढाकछोप अभियानको हिस्सा रहेको बताउनुभयो।

आयोत्जिनापा ग्रामीण शिक्षक कलेजका ४३ जना विद्यार्थी सन् २०१४ सेप्टेम्बर २६ मा मेक्सिको सिटीमा हुने प्रदर्शनमा सहभागी हुन ग्युरेरो राज्यबाट यात्रा गरिरहेका बेला इगुआला सहरमा स्थानीय प्रहरीले उनीहरूलाई रोकेको थियो। त्यसपछि भएको घण्टौं लामो हिंसात्मक झडपमा छ जनाको मृत्यु भएको थियो भने ४३ जना विद्यार्थी बेपत्ता भएका थिए।

घटनापछि सरकारी अधिकारी, प्रहरी र अन्य व्यक्तिसहित दर्जनौंलाई पक्राउ गरिए पनि हालसम्म तीन जना विद्यार्थीको मात्र अवशेष फेला परेको छ। बाँकी ४० जनाको अवस्था अझै अज्ञात छ।

सत्तरी वर्षीय अगुइरेले उक्त घटनापछि सन् २०१४ मै बिदा लिएर आफ्नो कार्यकाल समाप्त हुनुअघि पद त्याग गरेका थिए।

पूर्वराष्ट्रपति एनरिक पेना निएटो नेतृत्वको सरकारले गरेको प्रारम्भिक अनुसन्धानले स्थानीय अधिकारी र लागुऔषध तस्करहरूको संलग्नतामा विद्यार्थीहरूको हत्या गरी शव जलाइएको निष्कर्ष निकालेको थियो। तर, त्यसपछिको सरकारले पुनः अनुसन्धान गर्दै घटनालाई 'राज्य अपराध' को संज्ञा दिएको थियो। सो अनुसन्धानले स्थानीय प्रहरी र आपराधिक समूहबिचको मिलेमतोमा विद्यार्थीहरूमाथि आक्रमण भएको निष्कर्ष प्रस्तुत गरेको थियो।

पीडित परिवारले लामो समयदेखि मेक्सिकोको सेनासमेत घटनामा संलग्न रहेको आरोप लगाउँदै आएका छन्। सन् २०२२ मा एक जना जनरलसहित तीन सैनिकलाई पक्राउ गरिएको थियो भने सन् २०२३ मा स्वतन्त्र अनुसन्धान आयोगले सेनाले महत्त्वपूर्ण प्रमाण लुकाएको आरोप लगाएको थियो।

हाल यो बहुचर्चित आयोत्जिनापा मुद्दा राष्ट्रपति क्लाउडिया सेनबाम नेतृत्वको सरकारको जिम्मेवारीमा रहेको छ। उहाँले सत्य पत्ता लगाउने, न्याय सुनिश्चित गर्ने र बेपत्ता विद्यार्थीहरूको अवस्थाबारे वास्तविकता सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

# संरचनात्मक लाभांश : एक वर्गद्रोहीको आत्ममन्थन

सुरेश

भनिन्छ, सुदूर अतीतमा एउटा सम्झौता भएको थियो । चरा जगतले सबैका लागि चारो खोज्ने । दुईचार चराहरूले सूर्यको प्रकाश छिमल्न आकाशका लामो उडान भर्ने । उडान जारी छ । तर, तिनले चारो खोज्ने चरा जमातलाई बिर्सिसकेका छन् । बेलाबखत एकाध चराले बाटो बिराउँछन्; एकाध चराले विद्रोह गर्छन् । चरा जगतमा हर्ष छाउँछ । यही हर्षको लहर उठ्यो मनमा, सञ्जीव उप्रेतीको 'संरचनात्मक लाभांश' पढेपछि ।

**कस्तो किताब ?**

'संरचनात्मक लाभांश' छोटो तर चोटिलो सैद्धान्तिक कृति हो । यसलाई लेखकले आत्मालोचनात्मक-वैचारिक-गैर-आख्यान भन्नुभएको छ । पुस्तक १५ वटा छोटा लेखमा विभाजित छ ।

नेपाली समाजका मूल समस्यालाई लेखकले आफ्ना अनुभव र अनुभूतिमार्फत पाठकसामु राख्नुभएको छ । पुस्तकमा उहाँले खासगरी 'संरचनात्मक लाभांश', 'संरचनात्मक हिंसा', 'संरचनात्मक असंवेदनशीलता', 'सांस्कृतिक पुँजी', 'उदारवादी किक', 'संरचनात्मक असमानता' जस्ता शब्दावलीको चर्चा गर्नुभएको छ । यी शब्दावलीका वैचारिक र व्यवहारिक आयाम खोतल्नुभएको छ ।

उसो त सञ्जीव उप्रेतीले चर्चित उपन्यासहरू लेख्नुभएको छ । नाटकमा अभिनय गर्नुभएको कताकती खबर पढ्न पाइन्थ्यो । तर, मलाई उहाँको सैद्धान्तिक लेखन 'सिद्धान्तका कुरा' ले तान्यो । अहिले त्यो पुस्तकका पाना पल्टाउँदा 'संरचनात्मक लाभांश' को भाषा अझ माझिएको लाग्यो ।


**मूल अवधारणाहरू**

लेखक भन्नुहुन्छ - हिंसा समाजको संरचनामै निहित छ । अर्थात, समाज विभिन्न आर्थिक, सामाजिक र राजनीतिक




धरातलमा विभाजित हुनाले मानिसहरू यिनै असमान धरातलमा बाँचिरहेका हुन्छन् । त्यही भएर नजानिँदो ढङ्गले प्रत्येक व्यक्तिले हिंसा गरिरहेको वा हिंसा भोगिरहेको हुन्छ । कस्तो हिंसा ? वर्गीय, जातीय, लैङ्गिक, भौगोलिक, शारीरिक हिंसा ।

हिंसा संरचनात्मक हुन्छ भने विद्यमान संरचनाले दिने लाभांशलाई लेखकले श्रमिकवर्गको नहुनुको वर्गीय लाभांश, सवर्ण हुनुको जातीय लाभांश, पुरूष हुनुको लैङ्गिक लाभांश, राजधानीमा जन्मिनुको भौगोलिक र प्राविधिक लाभांश, सवलाङ्ग हुनुको शारीरिक लाभांश आदि । यसको अर्थ राजधानीमा जन्मेको एक उच्च वर्गीय सवर्ण, सवलाङ्ग पुरूषलाई संरचनाले सबैभन्दा बढी लाभांश दिन्छ । अर्कोतिर, दलित, समलिङ्गी र आँखा नदेख्ने एक हरितन्नम मधेसी महिला नेपाली समाज-संरचनाको सबैभन्दा पिँधमा छिन् । समाजमा जसले बढी संरचनात्मक लाभांश पाउँछ, उसको 'सफल' हुने सम्भावना पनि उत्तिकै बढी हुन्छ । अर्थात, सफलता-असफलता आफैमा संरचनात्मक असमानताको प्रतिफल पनि हो ।




जुन व्यक्तिले जति बढी संरचनात्मक लाभ पाएको हुन्छ, त्यो त्यति नै बढी असंवेदनशील हुनसक्छ । उसले लाभांश कम पाएका वर्ग, जाति, भाषा, लिङ्ग, भूगोल आदिका मानिसका दुःख र वेदनालाई बेवास्ता गर्छ । तर, उसलाई यो कुराको पत्तो नहुन पनि सक्छ । लेखकले यसलाई बडो गजब शब्दमा अभिव्यक्त गर्नुभएको छ - मानिसको सचेत मस्तिष्क बडो चलाख हुन्छ, उसको अवचेतन झनै चलाख हुन्छ । मनले त आफूलाई आफ्ना असंवेदनशीलता बुझ्न नदिन, लाभांशहरूलाई बुझ्न नदिन अनेकन यत्न गर्छ नै किनकि त्यो बुझे मानिसमा सामाजिक र नैतिक जिम्मेवारीबोध थपिन्छ ।

तथापि, मानिसहरू आफूलाई उदारमना देखाउन लालायित हुन्छन् । यसैलाई लेखकले कटाक्षपूर्वक 'उदारवादी किक' भन्नुहुन्छ । यो त्यही भावना हो जुन कुनै भिकारीलाई भिख दिँदा मानिसले महसुस गर्छन् । उदारवादी किक रमाइलो त हुन्छ तर नैतिक दृष्टिले यो घातक मनोवृत्ति हो भन्नुहुन्छ लेखक ।

नेपाली समाजका यी यावत समस्याहरूलाई चिर्न एउटा नयाँ 'आलोचनात्मक संस्कृति' को अभ्यास गर्नुपर्ने र यसले नै 'लौकिक नैतिकता' को विकास गर्ने लेखकको ठहर छ । पुस्तकमा लेखकले माथिका अवधारणालाई परिपुष्ट गर्न नेपाली समाजमा देखिएका विभेदका पछिल्ला घटनाहरू र आफ्नै अनुभवलाई रोचक ढङ्गले पस्किनुभएको छ ।

**किन पढ्ने ?**

समाज बदल्नु छ, सुरू आफैबाट गर्नु छ - नेपाली समाजमा धेरैपल्ट दोहोरिएको नारा हो यो । तर, सुरू कसरी गर्ने ? कसैले सोध्यो भने अब निर्धक्क भन्न सकिन्छ - सञ्जीव उप्रेतीको मसिनो तर खँदिलो पुस्तक 'संरचनात्मक लाभांश' पढ्नुहोस्, आत्ममन्थन गर्नुहोस्, आआफ्ना 'कम्फर्ट जोन' बाट निस्केर आफैलाई कठोर र अप्ठ्यारा प्रश्नहरू गर्नुहोस् ।

पुस्तकको नाम सुन्दा अलि जटिल लाग्न सक्छ । तर, विश्वास गर्नुस् - पढेर नसक्दासम्म समाइरहन मन लाग्ने र पढेर सकेपछि दिमागलाई झक्झक्याइरहने पुस्तक हो यो । यस पुस्तकबारे विद्यालय र विश्वविद्यालयहरूमा मात्र होइन, गाउँ-टोल र चिया पसलहरूमा समेत चर्चा हुनुपर्छ । नयाँ संस्कृतिको निर्माणमा यो पुस्तकले एउटा कोशेढुङ्गाको काम गर्ने आशा लिन सकिन्छ । तर, पहल त गम्भीर र संवेदनशील पाठकहरूले नै गर्नुपर्छ ।

उडान भर्ने चराहरू भुइँमा ओर्लिर हून् ! चरा जगतमा हर्ष छाइरहोस् !

## कविता

## दोषीलाई कारबाही खोइ ?

स्नेह

भदौ २३ गते
निहत्थामाथि गोली हान्ने
भदौ २४ गते
देशभरि आगजनी गर्ने
निहत्थामाथि गोली
सम्पत्तिमाथि आगजनी
गर्नुपर्ने किन ?
देश ध्वंस पार्नुपर्ने किन ?
के दोषीहरू
जनतालाई थाहा नभएको हो र ?
छाती फर्काएर हिँडिरहेका
अपराधीलाई नचिनेको हो र ?
कोही निर्वाचित हुँदैमा
कोही मनोनीत हुँदैमा
कोही सिंहदरबार पुग्दैमा
के अपराध छोपिन्छ र ?
जाहेरी नै दर्ता नहुने किन ?
पक्राउ परे पनि
छोडी हाल्ने किन ?
*२०८३ साउन २१*

## क्याक्टस बन्नु छ

मोनिका चाकतु

हावाको बहारसँगै उड्न मन छ मलाई
बिना कुनै डर हिमालको शिखरमा पुग्नु छ मलाई
सूर्यको प्रकाशझैँ आफ्नो भविष्य उज्यालो बनाउनु छ मलाई
समाजको यो पिँजडा तोडेर चन्द्रमा छुनु छ मलाई

खुट्टामा बाँधिएका खोक्रा समाजका नियम तोड्नु छ
इज्जतको नाममा थुनिएको कोठाबाट निस्किनु छ
सुन्दरताको नाममा कोरिएका रेखा मेट्नु छ
आफ्नो लागि आफैँ अटल भएर उभिनु छ

इन्द्रेणीका सातै रङमा यो जीवन रङ्गाउनु छ
बाँधिएका पखेटा फिँजाई खुला आकाशमा स्वतन्त्र उड्नु छ
सुन्दरताको रूपभन्दा आत्मविश्वासको प्रतीक बन्नु छ
मरुभूमिमा पनि अडिग उभिने क्याक्टस बन्नु छ

अरूको छाया होइन, आफ्नै पहिचान लेख्नु छ
नियतिको होइन, आफ्नै निर्णयको बाटो रोज्नु छ
आँधी आए पनि नझुक्ने साहस बोक्नु छ
हरेक चोटलाई सफलताको आधार बनाउनु छ

मौनलाई कमजोरी ठान्ने आँखालाई उत्तर दिनु छ
आँसु होइन, मुस्कानले इतिहास लेख्नु छ
हारलाई अन्त्य होइन, नयाँ सुरुवात मान्नु छ
हरेक असम्भवलाई आफ्नो प्रयासले सम्भव पार्नु छ

मलाई कसैको सीमाभित्र बाँधिएर जिउनु छैन
आफ्नै सपना बोकी आकाश नाप्न जन्मिएकी हुँ
मेरो अस्तित्व कसैको परिभाषाले होइन
मेरो आत्मविश्वास र सङ्घर्षको कथाले चिनाउनु छ ।

## जे गरे'नि भयो

जयन्त पौडेल

*सबै थाहा नहुन सक्छ*
*इतिहासै साक्षी छ*
*शासनै गरेका राणा सरकारहरूले*
*पूरा १०३ वर्ष ।१।*

*त्यसपछि श्री ५ हरूले पनि*
*शासन गरेकै हुन्*
*तर, साँध सीमाका विषयहरू*
*कसैले गरेनन् समाधान ।२।*

*बरु कसरी लाजै पचाएर*
*आ-आफ्नो समयमा*
*सबैले सक्दो भन्नु भने*
*हामी छैनौँ फेरि ।३।*

*तैपनि, अफशोच गर्नै सकेनन्*
*हेर्नुस् कसैले पनि*
*खाली मुखैले कस्तो*
*पार्नु पारे ठिक्क ।४।*

*के गर्नु सोझा जनता*
*नचाहेरै पत्याई हाले*
*उता भने छिमेकीले*
*पेल्नुसम्मै पेले ।५।*

*हुन त होला हुन पनि*
*यो ज्यादै पेचिलो*
*तर, तैपनि लागी नपर्दा*
*जे गरे'नि भयो ।६।*

## उठ जाग ए श्रमिक हो

राजु तामाङ

उठ, जाग ए श्रमिक हो, नयाँ बिहान आएको छ
पसिनाको मूल्य खोज्ने समय अब आएको छ,
थाकेका तिम्रा ती हातहरूमा शक्ति फेरि भर्नु छ
श्रम र सङ्घर्षको दियो बालेर अन्धकारलाई चिर्नु छ ।

इँटा, माटो, फलाम बोक्ने ती बलिया हातहरू
देश फेर्ने आधार तिम्रा जीवनका साथहरू
तर किन अझैसम्म तिम्रो मन धुरुधुरु रुँदै छ
तिम्रो श्रमको उज्यालो अझै किन छायामा लुक्दै छ ।

मौनतालाई तोडेर विद्रोहको आवाज बनी अब उठ्नुपर्छ
न्याय र मुक्तिको लागि सङ्घर्षका पाइला अब चाल्नुपर्छ,
विचारको एकता नै ठुलो शक्ति हो,यो कुरा नबिर्स है
शोषणको त्यो साङ्लो चुँडाएर नयाँ भविष्य कोर्न है ।

तिम्रो श्रम र मिहेनतको मूल्य कहिल्यै खेर जाँदैन
पौरखी त्यो तिम्रो हातबिना संसार अगाडि बढ्दैन,
उठ,जाग ए श्रमिक हो, समयले बोलाएको छ
नयाँ युग ल्याउने जिम्मा तिम्रै काँधमा आएको छ ।

लघु कथा

## पापी मन

पवित्रा

एउटा गाउँमा एकजना हजुरआमा थिइन् । उनी कथा सुनाउन सिपालु थिइन् । उनी नातिहरूलाई राम्राराम्रा कथाहरू सुनाएर मख्ख पार्थिन् । एक दिन साँझको खानापछि नातिहरूले बज्यैलाई राम्रो घटलाग्दो कथा सुनाउन ढिपी गरे र बज्यैले पनि उनीहरूलाई कथा सुन्ने नै हो त ? भनेर सोधिन् । सबैले हो हो बज्यै छिटो सुनाउनुहोस् न भनेर उनीहरू कान ठाडो पारेर सुन्न तयार भए । लौ त सुरु गर्छु भन्दै बज्यैले कथा सुरु गरिन् ।

एक सहरमा एउटी महिला थिइन् । उनी ज्येष्ठ महिला तर कुमारी थिइन् । उनका परिवार सबै बिते । परिवारको घर जग्गा, सम्पत्ति र उनीसँग सुनका गरगहना पनि थिए । नाति हो, समाजमा पापी मन भएका तर बाहिर देखावटी धर्मात्मा मान्छेहरू पनि हुन्छन् । सबै नातिहरूले जिज्ञासा राखे कसरी ? त्यस्ता मान्छेका राक्षसका जस्ता सिंह, नङ्ग्रा कपाल अनि दाह्रा पनि हुन्छन् होला है बज्यै ?

नातिहरू त्यसो होइन, मान्छे अनुहार र रूपले होइन, विचार र कर्मले चिन्ने हुन् भन्दै बज्यैले बताउँदै गइन् । उनका आफन्त भनिएका र अरु पापी मन भएका मान्छेहरूले उनले लगाइराखेको सक्कली सुनको गरगहना फुकालेर लिए र त्यस्तै नक्कली गरगहना लगाइदिएर लुटे । त्यो विचरालाई सक्कली कुन हो नक्कली कुन हो थाहा थिएन । सायद ती पापी मान्छेहरूले लोभ र डर देखाए होलान् । अहिले उनी डुल्दै मागेर खान्छिन् ।

बज्यैको कुरा सुनेपछि कथा सुनिरहेका सबै नातिहरूले एकै स्वरमा भने, कस्ता पापी मन भएका मान्छेहरू रहेछन् । कहिल्यै मर्न नपर्ने मान्छेजस्तो ! मर्ने बेलामा त्यो सबै सँगै लिएर जाने होला है बज्यै ? त्यसपछि बज्यैले भनिन्, यस धर्तीमा मान्छे केही नलिइकन खाली हात (नाङ्गै) जन्मिन्छन् र त्यसरी नै मरेर जान्छन् । तर राम्रा मान्छेहरू समाज र देशलाई धर्म र कीर्ति राखेर जान्छन् । सहिदहरू देशको लागि मरेर गए तर उनीहरूको नाम र काम बाँचिरह्यो । त्यस्तै हाम्रा पुर्खाहरूले मठ-मन्दिर, पाटी, धारा, कुवा, विद्यालय बनाएर गए । त्यसले देश र जनताको सेवा गरिरहेका छन् ।

नातिबाबुहरू, सधैँ घुमफिर गरिरहने ती महिला चार पाँच दिनसम्म बेपत्ता भइन् । तर, कोही आफन्त भनिएका मान्छेहरूलाई मतलब भएन । तर, नजिकैको उनलाई सधैँ देख्ने छिमेकीले उनी त्यसरी बेपता भएको कुरा टोलका दाजु भाइहरूलाई भने, सम्भावित सबै ठाउँमा सोधियो, खोजियो तर, कहीँ भेटिएन । कहीँ नभेटिएपछि घरमै होला, केही भयो होला भनेर टोलका दाजुभाइहरू घरमै पसेर हेरे । उनी त कमजोर थकित स्वरमा ऐया ....ऐया.... भनेर कराइरहेको मधुरो स्वर सुने । चार पाँच दिनसम्म खान, सुत्न नपाएको शरीरको अवस्था कस्तो होला बाबुहरू ? त्यही उनका सबै फोहर, जीउमा घाउ घाउ भएर पनि कीरा परिसकेको रहेछ । उनीसँग कोही थिएन । टोलका सहयोगी दाजुभाइहरूले घिन पचाएर सरसफाइ गरी तुरुन्त अस्पताल लगेर उपचार गराए । घटना एक कान दुई कान मैदान भयो ।

उनका आफन्त भनिएका मान्छेहरू नाता जोडेर माया देखाउन आए । ज्येष्ठ अशक्त, बिरामी मान्छे हो; अब केही हुन सक्छ । सम्पत्ति, हाम्रै हो भन्ने मन सायद उनीहरूमा पलायो होला । त्यसपछि टोलका दाजु भाइलाई थाहै नदिई अर्कै अस्पताल लगे रे । अरु बेला पटक्कै चासो नदेखाउने मान्छे अब आएर जति पनि खर्च गर्छु; केही कमी हुन दिन्न भन्न थाले रे बाबुहरू ? यति भनेपछि सबै नातिहरूले एकै स्वरमा भने, "बज्यै, ती ज्येष्ठ महिलाको सम्पत्ति टोलका दाजुभाइहरूले त्यसै देलान् त ? तिनीहरू त पापी मन भएका स्वार्थी आफन्तहरू हुन् नि हैन र बज्यै ? हो नि लौ त निन्द्राले बोलायो । अब सुत्न जाऊ भोलि सबेरै उठेर गृहकार्य गर्नुपर्छ भन्दै सबै सुत्न गए ।"

## सिद्धान्तको लिलाम, कुर्सीको सौदाबाजी

सत्य सुवाल

हिजोका ती कट्टर शत्रु, शत्रुताका पर्खाल चिर्नेहरू,
आज सिद्धान्तको जग भत्काई, अवसरको खेती गर्नेहरू ।
एउटै छातामुनि उभिएर, पापका दाग लुकाउन थाले,
लज्जाको वस्त्र फेरिएझैँ, सत्ताका जाल बुन्ने भए ।

हिमाल, पहाड, तराईभरि, सातै प्रदेशमा उही छाया,
कुर्सीको सौदाबाजीमा, सिद्धान्त बेचियो, स्वार्थको माया
हिजो जसलाई 'गद्दार' भन्थे,आज उसैको गलामा हार,
स्वार्थको तराजुमा जोखिँदा, नैतिकता सधैँ लाचार ।

अझै सडकको ताप सेलाएको छैन, युवाको रगत सुकेको छैन,
चेतावनीका राँका अझै बल्दै छन्, देशको घाउ पुरिएको छैन ।
तर ती पुराना आँखाहरू, अझै अन्धा, अझै बहिरा,
सत्ता देखेपछि बिर्सिन्छन्, देश, जनता र नैतिकता सारा ।

कतै नयाँ स्वर सुनिँदै छन्, परिवर्तनको चाहना बढ्दै छ,
तर पुरानै सोच बोकेका शासक, उही चालमा अघि बढ्दै छन्
राजनीति रहेन अब, नीतिको खुला व्यापार भयो,
कुर्सी, मन्त्रालय र भागबन्डामा, देशको भविष्य नै लिलाम भयो ।

भ्रष्टाचारका पुराना फाइल,बन्द दराजभित्र थन्किएका छन्,
आफ्ना कर्तुत छोप्न फेरि, गठबन्धनका जाल बुनिएका छन् ।
यो दृश्य देखेर जनता मात्र होइन, भगवान् पनि छक्क परे होलान्,
सत्यलाई कैद गरेर बस्नेहरू, कहिलेसम्म आफूलाई जोगाउलान् ?

हिमाल, पहाड र तराईको माटो, आज मौन भएर साक्षी छ,
क्रान्तिको खोल ओढ्नेहरूको, मकुन्डो आफैँ खस्दै छ ।
जनताको धैर्य अनन्त होइन,समय सधैँ मौन रहँदैन,
सिद्धान्त बेच्नेहरूको बजारमा, अन्तिम फैसला जनता नै गर्छन् ।

# कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धी व्यावहारिक ज्ञान तथा सीप विकास तालिम सम्पन्न

भक्तपुर, साउन २२। नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भक्तपुर नगरपालिका-५ चासुखेल समितिको आयोजनामा सञ्चालन गरिएको पाँचदिने कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धी व्यावहारिक ज्ञान तथा सीप विकास तालिम सम्पन्न भएको छ।




समापन समारोहमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कृत्रिम बुद्धिमत्ता आधुनिक प्रविधिको महत्त्वपूर्ण उपलब्धि भए पनि यसको सकारात्मक र नकारात्मक दुवै पक्ष रहेको बताउनुभयो।

उहाँले एआईले कामलाई छिटो, सहज र प्रभावकारी बनाए पनि केही क्षेत्रमा रोजगारीमा चुनौती सिर्जना गरेको उल्लेख गर्नुभयो।

उहाँले एआईबाट प्राप्त जानकारीमा मात्र निर्भर नपरी विषयवस्तुको गहिरो अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले शिक्षकबाट मात्र नभई विद्यार्थीले पनि विभिन्न स्रोतबाट अध्ययन गर्ने प्रवृत्ति बढेको छ; शिक्षा, अनुसन्धान, दैनिक जीवन तथा इन्जिनियरिङलगायत विभिन्न क्षेत्रमा एआईले सहयोग पुऱ्याइरहेको उल्लेख गर्दै आधारभूत तालिमपछि थप उन्नत (ब्मखबलअभम) तालिममार्फत आफ्नो सीप अभिवृद्धि गर्न आग्रह गर्नुभयो। उहाँले एआईलाई सही ढङ्गले प्रयोग गरे व्यक्तिको क्षमता अभिवृद्धिसँगै समाज र राष्ट्रको विकासमा समेत योगदान पुग्ने विश्वास व्यक्त गर्दै सहभागीहरूको उज्ज्वल भविष्यको लागि शुभकामना दिनुभयो।

भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले एआई सबथोक नभई मानिसले आफ्नो कामलाई सहज बनाउन प्रयोग गर्ने माध्यम भएको बताउनुभयो। "हामीले एआईलाई प्रयोग गर्ने हो, एआईले हामीलाई प्रयोग गर्ने होइन।" भन्दै उहाँले एआईबाट फेक इन्फर्मेसन र फेक न्युज फैलिन सक्ने भएकाले त्यसप्रति सचेत रहनुपर्नेमा जोड दिनुभयो। तथा एआईलाई राम्रो र सिर्जनात्मक कार्यमा सदुपयोग गर्नुपर्ने उहाँको भनाइ थियो।

नेमकिपा वडा नं. ५ चासुखेल समितिका अध्यक्ष सम्झना खाइजुले सूचना प्रविधिको युगमा युवा पुस्ताले कृत्रिम बुद्धिमत्तासम्बन्धी ज्ञान र सीप हासिल गर्नु अपरिहार्य भएको बताउनुभयो।

तालिमका प्रशिक्षक श्रीराम कासिछ्वाले तालिमबाट प्राप्त ज्ञान र सीपलाई व्यवहारमा उतार्दै कृत्रिम बुद्धिमत्ता (ब्क्ष) प्रविधिको जिम्मेवारीपूर्ण, सिर्जनात्मक र प्रभावकारी प्रयोग गर्न आग्रह गर्नुभयो।

उहाँले ब्क्ष प्रविधि तीव्रगतिमा विकसित भइरहेकोले तालिममा सिकेका विषयलाई निरन्तर अभ्यास र अध्ययनमार्फत थप परिष्कृत गर्दै लैजानुपर्नेमा जोड दिनुभयो। ब्क्ष लाई मानिसको विकल्पका रूपमा नभई कामलाई सहज, छिटो र गुणस्तरीय बनाउने सहयोगी उपकरणका रूपमा उपयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

साउन १७ गतेदेखि २१ गतेसम्म सञ्चालन भएको तालिमको सो समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहभागीहरूलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो

प्रशिक्षार्थीको तर्फबाट एन. बी. खाताखो र पुजन मचामसीले आफ्नो अनुभवबारे बोल्नुभएको थियो। नेक्राविस भक्तपुर नगरपालिका-५ चासुखेल समितिका अध्यक्ष अनिशा ढुकुछुको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा आशिका माकले पनि बोल्नुभएको थियो।

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- दस वर्षको सशस्त्र द्वन्द्वमा लगाइएका दाहाल र बाबुराम नेतृत्वको माओवादीलाई २०६३ असार २ गते काठमाडौँमा सार्वजनिक गराइयो। त्यसयता २०६३ पुस ८-१२ नेपालगञ्जमा पहाडी र मधेसीको साम्प्रदायिक दङ्गा घटाइयो। २०६४ भदौ ३० गते कपिलवस्तुको चन्द्रौटामा साम्प्रदायिक दङ्गा फैलाइयो। २०८१ चैत १५ गते काठमाडौँ तीनकुनेमा राजतन्त्रवादी वा हिन्दूवादीलाई प्रदर्शन गराइयो। २०८२ भदौ २३ र २४ गते जेनजीको नाममा तोडफोड र आगजनी गराइयो। आन्दोलन र प्रदर्शन वर्गीय हुनु जरुरी छ। साम्प्रदायिक गतिविधिमा लाग्नु हुँदैन, कामदारवर्ग एक भएर सङ्घर्षमा लाग्नु जरुरी हुन्छ। शोषकवर्गले साम्प्रदायिक विषय उछालेर कामदारवर्गबिच विभाजन गर्नेतर्फ सबै सचेत हुनु जरुरी छ।
- नेपाली सेनाले काठमाडौँ-तराई द्रुतमार्गको समय फेरि तीन वर्ष थप्ने प्रस्ताव गरेको सार्वजनिक भयो। देशको सन्तुलित विकास गरी जनसङ्ख्या काठमाडौँमा केन्द्रित नगरिएको भए ४-५ खर्ब रूपैयाँ लागत लाग्ने द्रुतमार्ग बनाउनु जरुरी हुने थिएन। खोकना-बोङ्गाको सांस्कृतिक सम्पदा पनि विनाश हुने थिएन। यसकारण, ९ वर्षअघि काठमाडौँ-तराई द्रुतमार्ग निर्माण सुरु गर्ने प्रधानमन्त्री र मन्त्रीहरूलाई कारबाहीको घेरामा ल्याउनु जरुरी छ। ४-५ खर्ब रूपैयाँ बजेटबाट जनताको स्वास्थ्य शिक्षामा धेरै सेवा हुनेछ।
- महालेखा परीक्षकले करिब सात हजारको सङ्ख्यामा रहेका लेखापरीक्षकहरूले तयार पारेको वित्तीय विवरण सरकारी निकायमा पुगेपछि प्रश्न पुनः उठ्ने अवस्था भएको बताए। योजनामा लेखा परीक्षकहरूले भ्रष्टाचार भयो भएन सम्बन्धित निकायका कर्मचारीहरूसँग पनि बुझेर विवरण तयार गर्नु बुद्धिमानी हुने हो त ? शासक दल र तिनका नेताहरू भ्रष्टाचारमा नलागेको भए लेखा परीक्षकहरूले दबाबमा लेखा विवरण तयार गर्न नपर्ने होइन र ?
- सुनसरीको देवानगञ्ज ३ को कप्तानगञ्जमा तीनजनाको मृत्यु भइसकेको घटनामा सरकारले पीडितसँग सहमति गऱ्यो। तर, माग पूरा नहुने भएकोले पीडितहरू निरन्तर आन्दोलन जारी राख्ने घोषणा गर्दै छन्। काठमाडौँ त्रिवि शिक्षण अस्पतालमा उपचारको क्रममा मृत्यु भएका रवीन्द्रको शवसमेत आफन्तले बुझेका छैनन्। आजसम्मका सरकारहरू पीडितसँग सहमति र घटनाबारे छानबिन समिति गठन पीडितको आक्रोश मत्थर पार्ने औजारको रूपमा उपयोग गर्दै छन्। कप्तानगञ्ज घटनामा पनि त्यहीँ स्थिति दोहोरिने आशङ्का बढ्दो छ।
- सरकारले करार कर्मचारी व्यवस्थापन गर्न पाँच सदस्यीय अध्ययन समिति गठन गरेको छ। प्रशासनसँग सम्बन्धित भएको करार कर्मचारीबारे सरकारले माग पूरा नगरेमा प्रशासन नै ठप्प हुने सम्भावना छ।
- मिटरब्याज पीडितहरूले ऋण तिर्न धितो राखेको जमिन बिक्री गर्ने अवस्था भयो। शासक दलहरूले मिटरब्याज, लघुवित्त र सहकारी पीडितको समस्या समाधान गर्ने दाबी गरेको धेरै समय भयो। तर, नेका, एमाले, माओवादी सरकारको दाबी अहिले रास्वपा सरकारले दोहोऱ्याउँदैछ। अन्ततः शासक दलहरू सबै एकै ड्याङका मुला साबित भयो।


## लक्ष्य बचत तथा ऋण सहकारी संस्था लिमिटेड

दूधपाटी-१, भक्तपुर नगरपालिका, भक्तपुर

### ऋण चुक्ता गर्नेबारे ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०४/२३

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले ऋण लिनुभएकोमा ऋण लिँदाका बखत गरेका कबुलियतबमोजिम तिर्नु बुझाउनुपर्नेमा सो नबुझाई सर्तहरू उल्लङ्घन गर्नुभएको तथा पटकपटक मौखिक तथा लिखित ताकेता गर्दा पनि सावाँ ब्याज तिरी नियमित गर्नेतर्फ कुनै चासो नदेखाई आलताल गरी बसेका हुनाले यो सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्रमा यस संस्थामा आफूले तिर्नुपर्ने ऋणको सावाँ ब्याज र अन्य दस्तुरसमेत तोकिएको म्यादभित्र चुक्ता गर्नुहोला। अन्यथा, ऋण असुलीको सिलसिलामा सहकारी ऐन २०७४, सहकारी नियमावली र संस्थाको विनियमअनुसार धितोमा रहेको घर जग्गा लिलाम बिक्री गरी ऋण असुली कार्यान्वयन गरिनेछ। ऋण असुलीउपर नभएमा ऋणी र व्यक्तिगत जमानी बसेका व्यक्तिको नाम कालोसूचीमा राख्ने धितो लिलाम गरी संस्थाको लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी धितोको मञ्जुरीनामावाला तथा व्यक्तिगत जमानत बस्नेलगायत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यसरी लिलाम गर्दा ऋण असुली नभएमा नपुग रकम ऋणी सदस्य व्यक्तिगत जमानी बस्ने र एकाघर सगोलका व्यक्तिहरूसमेतबाट प्रचलित कानुनअनुसार असुलउपर गरिने व्यहोराको जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं | ऋणीको विवरण | ऋणीको फोटो | जमानीकर्ता |
|---|---|---|---|
| १ | नाम : उत्तमप्रसाद झा<br>बाबुको नाम : राजेन्द्रप्रसाद झा<br>बाजेको नाम : राधारमन झा<br>नागरिकता प्र.नं. : २५१५<br>ठेगाना : भ.न.पा वडा नं. १५ हाल २ |  | नाम : एल्सा झा<br>बाबुको नाम : रूद्रनारायण झा<br>पतिको नाम : उत्तमप्रसाद झा<br>ठेगाना : भ.न.पा. वडा नं. १५ हाल २ |
| २ | नाम : श्रीराम त्वायना<br>बाबुको नाम : कृष्णभक्त त्वायना<br>बाजेको नाम : बाबुलाल त्वायना<br>नागरिकता प्र.नं. : ५७४६<br>ठेगाना : भ.न.पा वडा नं. १३ हाल ३ |  | नाम :<br>बाबुको नाम :<br>बाजेको नाम :<br>नागरिकता प्र.नं. :<br>ठेगाना : |
| ३ | नाम : रामकाजी कासुला<br>बाबुको नाम : लालकाजी कासुला<br>बाजेको नाम : पुर्णवीर कासुला<br>नागरिकता प्र.नं. : २६४३<br>ठेगाना : भ.न.पा. वडा नं. ५ |  | नाम : रामेश्वरी फाजु<br>पतिको नाम : श्रीराम काजी कासुला<br>ठेगाना : भ.न.पा वडा नं. १५ हाल २ |
| ४ | नाम : एल्सा झा<br>बाबुको नाम : रूद्रनारायण झा<br>पतिको नाम : उत्तमप्रसाद झा<br>नागरिकता प्र.नं. : ०४३३२५४९<br>ठेगाना : भ.न.पा वडा नं. १५ हाल २ |  | नाम : दिपककुमार चौधरी<br>बाबुको नाम :<br>बाजेको नाम :<br>नागरिकता प्र.नं. :<br>ठेगाना : |
| ५ | नाम : युवराज दैवज्ञ<br>बाबुको नाम : उपेन्द्र दैवज्ञ<br>बाजेको नाम : जननिदास दैवज्ञ<br>नागरिकता प्र.नं. : ४।८३५<br>ठेगाना : भ.न.पा वडा नं. १३ हाल ३ |  | नाम :<br>बाबुको नाम :<br>बाजेको नाम :<br>नागरिकता प्र.नं. :<br>ठेगाना : |
| ६ | नाम : सुभराम मुनंकर्मी<br>बाबुको नाम : शिवराम मुनंकर्मी<br>बाजेको नाम : राम मुनंकर्मी<br>नागरिकता प्र.नं. :<br>ठेगाना : भ.न.पा. १० |  | नाम :<br>बाबुको नाम :<br>बाजेको नाम :<br>नागरिकता प्र.नं. :<br>ठेगाना : |



## हार्दिक समवेदना



जन्म
२०४३/०६/०२

स्वर्गारोहण
२०८३/०४/२०

ख्वप कलेजका उपप्राध्यापक **निशा प्रधानाङ्ग**को असामयिक निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ।

**ख्वप कलेज परिवार**
देकोचा-६, भक्तपुर



## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

नेपाल सरकार
विज्ञापन बोर्ड


# नेपाल गुणस्तर परिषद्को बैठकः विभिन्न गुणस्तर मापदण्ड स्वीकृत

काठमाडौँ, २२ साउन। नेपाल गुणस्तर परिषद्को ११ औँ बैठकले नेपाल गुणस्तर तथा अन्तर्राष्ट्रिय मापदण्डका मस्यौदामाथि छलफल गरी स्वीकृत गर्ने निर्णय गरेको छ।

बैठकले नेपाल गुणस्तर निर्धारण तथा पुनरावलोकनका लागि गठित प्राविधिक समितिबाट सिफारिस भएका विभिन्न गुणस्तरको मापदण्ड स्वीकृत गरेको हो। बैठकमा सम्बन्धित मन्त्रालयका प्रतिनिधि तथा सरोकारवाला निकायका पदाधिकारीको सहभागिता रहेको थियो।

परिषद्ले मोटर ग्यासोलिनमा ब्लेन्डिङ कम्पोनेन्टका रूपमा प्रयोग हुने इथानोलको स्पेसिफिकेसन तथा इलास्टोमेरिक ब्रिज बेयरिङसम्बन्धी मापदण्ड स्वीकृत गरेको छ। त्यसैगरी, रबरको कठोरता परीक्षणसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय मापदण्ड स्वीकृत गरिएको छ।

स्वीकृत मापदण्डले उद्योग तथा उत्पादन क्षेत्रको गुणस्तर अभिवृद्धि, परीक्षण प्रणालीलाई प्रभावकारी बनाउन तथा नेपाली उत्पादनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुकूल बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। त्यस्तै, गुणस्तर निर्धारण तथा पुनरावलोकन प्रक्रियालाई थप व्यवस्थित र प्रभावकारी बनाउने दिशामा पनि आवश्यक निर्णय गरेको छ। ***(रासस)***

प्रकाशक तथा कार्यकारी सम्पादकः उद्धव सुजखु★सम्पादकः चक्रबहादुर चाकतु★कार्यालयः कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्सः ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखाः ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रकः सिद्धिगणेश अफसेट प्रेस, चोर्चा